# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१–४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष १२ | अंक ३२५ | काठमाडौं | बुधबार, ११ चैत २०८२ | Prabhab National Daily | Wednesday, 25 March 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५|–


## गगनले ल्याए १५औं महाधिवेशनको कार्यतालिका, देउवापक्षको विरोध



मैले सभापतिको रूपमा गाडी हाँकेको छु । अब यो गाडी रोकिँदैन । मैले भनैं- यो गाडीमा अब विशेष अधिवेशनमा को हुनुहुन्थ्यो र को हुनुहुन्नथ्यो भन्ने कुराबाट कुनै पूर्वाग्रह हुँदैन ।

**■ गगन थापा**
सभापति, नेपाली कांग्रेस

यात्रुविना दास र लास चढाएर छुटेको गाडीले कुन गन्तव्यमा पुऱ्याउँछ ? घमण्ड सबैले त्यागौं । एकता महाधिवेशन गरौं । नेतृत्व हुँ भन्नेले बढी जिम्मेवार बनौं । संवाद अगाडि बढाऔं ।

**■ केदार कार्की**
नेता, नेपाली कांग्रेस

### प्रस्तावित कार्यतालिका

| | |
|---|---|
| **२०८३ वैशाख**: | वडा तहमा क्रियाशील सदस्यता वितरण र अद्यावधिक |
| **साउन ६** : | वडा अधिवेशन |
| **साउन १२** : | गाउँ/नगर अधिवेशन |
| **साउन २३** : | प्रदेशसभा क्षेत्रीय अधिवेशन |
| **साउन ३०** : | प्रतिनिधिसभा क्षेत्रीय अधिवेशन र महाधिवेशन प्रतिनिधि चयन |
| **भदौ ६ र ७** : | जिल्ला अधिवेशन |
| **भदौ १५ र १६**: | प्रदेश अधिवेशन |
| **भदौ २४, २५ र २६** : | १५औं केन्द्रीय महाधिवेशन |

**■ प्रभाव संवाददाता**

**काठमाडौं–** नेपाली कांग्रेसका सभापति गगन थापाले पार्टीभित्र व्यापक शुद्धीकरण र संरचनात्मक परिवर्तनका लागि 'ग्राण्ड रिफर्म' को योजना अघि सारेका छन् । मंगलबार पार्टीको केन्द्रीय कार्यालय सानेपामा बसेको केन्द्रीय कार्यसमिति बैठकमा सभापति थापाले कांग्रेस रिफर्मका लागि योजना अघि सारेका हुन् ।

गत फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा निर्वाचनको परिणामको नैतिक जिम्मेवारी लिँदै दिएको राजीनामा केन्द्रीय समितिले अस्वीकृत गरेपछि पहिलोपटक मंगलबार पार्टी केन्द्रीय कार्यसमिति बैठकका क्रममा विशेष सम्बोधन गर्दै सभापति थापाले अबको यात्रा महाधिवेशन र पार्टी पुनर्जागरणतर्फ केन्द्रित हुने बताएका हुन् । बैठकमा पार्टीको आन्तरिक जीवनकाबारे उल्लेख गर्दै थापाले भने, 'पुनर्जागरणको चरण सुरु भएको छ । अब हामी महाधिवेशनमा जानुपर्छ । कांग्रेसमा अब सानो सुधार होइन, ग्राण्ड रिफर्म चाहिएको छ,' उनले सत्ताका लागि गरिने सिद्धान्तहीन सम्झौता र राज्यशक्तिको दुरूपयोगजस्ता 'मैला पातहरू' अब हटाउनुपर्ने बेला आएको उल्लेख गर्दै भने ।

पार्टीको भद्दा संरचनाले यसको मौलिकता थिचिएको भन्दै उनले चार पुस्ताको विविधतालाई कांग्रेसको शक्तिमा बदल्नुपर्ने धारणा राखे । पार्टीलाई केवल 'इलेक्सन मेसिन' मात्र नबनाई एक जीवन्त सामाजिक आन्दोलनका रूपमा पुनर्जागृत गर्ने उनको संकल्प छ । उनले निर्वाचनको हारको जिम्मेवारी लिँदै आफू 'टिमको क्याप्टेन' भएको नाताले जवाफदेहिताबाट नभाग्ने स्पष्ट पारे ।

थापाले निर्वाचन परिणामलगत्तै उपसभापति विश्वप्रकाश शर्मासमक्ष बुझाएको राजीनामाका सम्बन्धमा बोल्दै यो कुनै हतास मानसिकता नभई राजनीतिक जवाफदेहिताको कसी भएको बताए ।

⏭ क्रमशः पृष्ठ २ मा

**इन्धन खपत घटाउने विकल्प**

## जोरबिजोर प्रणाली, 'वर्क फ्रम होम' देखि दुईदिने बिदासम्म


**■ जेबी योञ्जन**

**काठमाडौं–** पश्चिम एसियामा जारी तनावबीच विश्वव्यापीरूपमा पेट्रोलियम पदार्थको आपूर्ति शृंखला प्रभावित भएपछि सरकारले इन्धन खपत घटाउने विकल्पहरूमा गम्भीर छलफल थालेको छ । उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका अनुसार आगामी दिनमा आपूर्ति थप अस्थिर हुन सक्ने आकलन गर्दै सरकार 'पूर्वतयारी'बारे दिनहुँजसो छलफल भइरहेको हो ।

मन्त्रालयका प्रवक्ता नेत्रप्रसाद सुवेदीका अनुसार सवारीसाधनमा जोरबिजोर प्रणाली लागू गर्ने, साप्ताहिक बिदा दुई दिन पुऱ्याउने तथा 'वर्क फ्रम होम' जस्ता विकल्पहरूमा छलफल भइरहेको हो । उनले प्रभावसँग भने, 'यो सवारीसाधनको चाप घटाएर इन्धन खपत कम गर्ने एउटा उपाय हुन सक्छ । यसबारे प्रारम्भिक छलफलमा छौं ।'

नेपाल आयल निगमलेसमेत इन्धन खपत नियन्त्रण गर्न विभिन्न उपायहरू सरकारसमक्ष सिफारिस गरिसकेको छ । निगमका कार्यकारी निर्देशक चण्डीप्रसाद भट्टका अनुसार मूल्यवृद्धिका कारण निगमले ठूलो आर्थिक भार बेहोर्नुपरेको छ । त्यसलाई सन्तुलनमा राख्न सकिने उपायबारे सरकारलाई सुझाव दिएको उनी बताउँछन् । 'पेट्रोलियम पदार्थको मूल्य अस्वाभाविकरूपमा बढ्दा निगम घाटामा छ, त्यसलाई सन्तुलनमा राख्न खपत घटाउनु अपरिहार्य देखिएको छ,' उनी भन्छन् ।

संविधान जारी भएपछि २०७२ को असोजदेखि मंसिरसम्मै भारतले नेपालमा अघोषित नाकाबन्दी लगाउँदा सवारीसाधनमा जोरबिजोर प्रणाली लागू गरिएको थियो । त्यसपछि कोभिडकालमा पनि मानवीय गतिविधि नियन्त्रण गर्न त्यसो गरिएको थियो । अहिले फेरि जोरबिजोर प्रणालीमै सवारीसाधान सञ्चालन गर्ने विषय चर्चामा आएको हो ।






यो सवारीसाधनको चाप घटाएर इन्धन खपत कम गर्ने एउटा उपाय हुन सक्छ । यसबारे प्रारम्भिक छलफलमा छौं ।

**■ नेत्रप्रसाद सुवेदी**
प्रवक्ता, उद्योग मन्त्रालय



पेट्रोलियम पदार्थको मूल्य अस्वाभाविकरूपमा बढ्दा निगम घाटामा छ, त्यसलाई सन्तुलनमा राख्न खपत घटाउनु अपरिहार्य देखिएको छ ।

**■ चण्डीप्रसाद भट्ट**
कार्यकारी निर्देशक, नेपाल आयल निगम

यो प्रणाली लागू भए सवारीसाधनको नम्बर प्लेटको आधारमा दिन तोकिएर सञ्चालन गर्नुपर्ने हुन्छ, जसले सडकमा गाडीको संख्या घटाएर इन्धन खपत कम गर्ने अपेक्षा गरिएको छ ।

तर, यस्तो गर्दा विगतमा समस्या आएको थियो । सवारीसाधन कम हुने तर यात्रु बढी हुँदा यात्रुहरूले सास्ती खेपेका थिए । सवारीसाधन सञ्चालनमा पनि जोरबिजोर प्रणालीअनुसार सञ्चालन भए/नभएको नियमन गर्न ट्राफिक प्रहरीलाई सकस परेको थियो ।

यद्यपि, यो सवारीसाधन सञ्चालनमा सीमितता ल्याउने एउटा उपाय हो, जसले इन्धनको प्रयोग घटाउन सक्ने निगमका कार्यकारी निर्देशक भट्ट बताउँछन् । उनी भन्छन्, 'यो खासगरी काठमाडौं उपत्यकामा कार्यान्वयन गर्न सहज हुन्छ ।'

यसबाहेक सरकारले सार्वजनिक बिदा दुई दिन र 'घरदेखि काम'को विकल्प अपनाउनेबारे छलफल गरिरहेको छ । उद्योग मन्त्रालयका प्रवक्ता सुवेदी यो पनि इन्धन खपत घटाउने विकल्प भएको बताउँछन् । यसअघि पनि परीक्षणका रूपमा दुई दिने साप्ताहिक बिदा लागू गरिएको थियो । तर त्यसले निरन्तरता पाउन सकेन । यसपटक पनि लागू गर्नेबारे मन्त्रालय सरोकारवाला निकायसँग छलफलमा रहेको सुवेदी बताउँछन् ।

हाल नेपालमा पेट्रोल, डिजेल र मट्टितेलको आपूर्ति सामान्य अवस्थामा रहे पनि एलपी ग्यासको आपूर्ति असन्तुलित भएको छ ।

⏭ क्रमशः पृष्ठ २ मा

**सन्दर्भ: वैदेशिक रोजगार**

## आठ महिनामा चार हजारभन्दा बढी उजुरी, ८० प्रतिशतभन्दा बढी व्यक्तिगत ठगीका

**■ प्रभाव संवाददाता**

काठमाडौं- चालु आर्थिक वर्षको आठ महिनामा वैदेशिक रोजगार विभागमा चार हजारभन्दा बढी ठगीसम्बन्धी उजुरी परेका छन् । वैदेशिक रोजगार विभागले मंगलबार सार्वजनिक गरेको तथ्यांकअनुसार गत साउनदेखि फागुनसम्मको अवधिमा चार हजार २७ वटा उजुरी परेका छन् ।

विभागमा परेका उजुरीमध्ये ८० प्रतिशतभन्दा बढी व्यक्तिगत ठगीका छन् । विभागको मुद्दा तथा अनुसन्धान शाखामा आठ महिनाको अवधिमा तीन हजार २९७ वटा यस्ता उजुरी परेका छन् । जसमध्ये हालसम्म ३४० वटामा मिलापत्र भएको देखिन्छ । यो आठ महिनामा जम्मा २७३ वटा मुद्दा अदालतमा दायर भएका छन् । पीडित पक्षले तीन करोड ५० लाख १८ हजार ६०० रूपैयाँ क्षतिपूर्ति पाएका छन् ।

गत फागुन महिनामामात्र ३१० वटा व्यक्तिगत ठगीका घटना विभागमा दर्ता भएका छन् । जसमध्ये ४५ वटामा मिलापत्र भएका छन् । वैदेशिक रोजगारीको प्रलोभन देखाएर लाखौं रकम लिएर फरार हुने क्रम बढ्दा ठगी बढेको बढ्यै छ । विभिन्न समयमा



*एआई सिर्जित प्रतीकात्मक तस्बिर*

श्रमिकहरूसँग गरिएको कुराकानीका आधारमा यस्ता घटनामा एक जानाबाट केही लाखदेखि ५५ लाख रूपैयाँसम्म लिएको पाइएको छ ।

विशेषगरी रोजगारीका लागि युरोपका आकर्षक मुलुकमा पठाइदिने नाममा ठगी बढेको छ । युवाहरू फेसबुक, टिकटक, ह्वाट्सएपलगायतका माध्यमबाट गरिने आकर्षक प्रचारप्रसारमा फस्दै आएका छन् । उनीहरू कन्सल्टेन्सी र चिनजानकै व्यक्तिबाट बढी ठगिएको पाइन्छ । सरकारले आधिकारिक संस्थामार्फत मात्र रोजगारीमा जान आग्रह गर्दै जनचेतानामूलक सामग्रीको प्रचारप्रसार गर्दै आए पनि घटना न्यूनीकरण हुन सकेको छैन । मुलुकमा व्याप्त बेरोजगारी, सरकारप्रतिको अविश्वास र पछिल्लो समय युवाहरूमा राज्यप्रति देखिएको नैराश्यताका कारण सरकारले सुसूचित गर्न प्रसारण गर्ने सामग्रीलाई समेत मानिसहरूले बेवास्ता गर्ने गरेको पाइएको विज्ञले बताएका छन् ।

व्यक्तिगत श्रम स्वीकृतिमा जानेहरू बढेसँगै ठगी पनि बढेको विभागको भनाइ छ । विभागबाट आठ महिनामा पाँच लाख २५ हजार ५१३ जना श्रम स्वीकृति लिएर रोजगारीमा जाँदा व्यक्तिगतरूपमा ८१ हजार ९५८ जना श्रमिक विदेसिएका छन् । जसमा ६२ हजार ४१२ जना पुरुष र १९ हजार ५४६ जना महिला छन् । फागुन महिनामामात्र सात हजार ६४५ जना रोजगारीमा जाँदा पाँच हजार ९८६ जना पुरुष र एक हजार ६५९ जना महिला रहेका छन् ।

फागुनसम्म म्यानपावरविरुद्ध ७३० वटा उजुरी परेको विभागले जनाएको छ । विभागका राहत, उद्धार तथा समन्वय शाखामा आउने गरेका यस्ता उजुरीमध्ये हालसम्म ४११ वटा फर्स्योट भएका छन् । हालसम्म संस्थागत माध्यमबाट चार करोड ४३ लाख ४४ हजारभन्दा बढी क्षतिपूर्ति प्रदान गरिएको तथ्यांकमा देखिन्छ । संस्थाविरुद्ध पर्ने उजुरीमा करारअनुसार काम नभएर या पारिवारिक समस्याले नेपाल फर्किन चाहेको, काम गाह्रो भएर निरन्तरता दिन नसक्ने, विदेशमा गरिने स्वास्थ्य परीक्षणमा असफल भएकाजस्ता उजुरीहरू पर्ने गरेको शाखाको भनाइ छ ।

⏭ क्रमशः पृष्ठ २ मा

## एनआरएनए आइसिसी मध्यपूर्व संयोजकमा श्रेष्ठ निर्विरोध

**■ प्रभाव संवाददाता**

**काठमाडौं–** गैरआवासीय नेपाली संघ (एनआरएनए) अन्तर्राष्ट्रिय समन्वय परिषद् (आइसिसी)को मध्यपूर्व संयोजक पदमा रमेश श्रेष्ठ निर्विरोध निर्वाचित भएका छन् । संघको हालै सम्पन्न १२औं महाधिवेशनबाट उनी सन् २०२६-२०२८ कार्यकालका लागि मध्यपूर्व संयोजकमा निर्वाचित भएका हुन् ।

युएईमा रहने उनी लामो समयदेखि मध्यपूर्व क्षेत्रमा व्यावसायिक तथा सामाजिक गतिविधिमा सक्रिय रहँदै आएका छन् । जिसिडी ग्रुपका अध्यक्षसमेत रहेका श्रेष्ठले एनआरएनएको साधारण सदस्य हुँदै एनसिसी युएईको अध्यक्ष, मध्यपूर्व डिआरसीलगायतको जिम्मेवारी सम्हालिसकेका छन् ।

निर्वाचनपछि आफ्नो प्रतिबद्धता सार्वजनिक गर्दै श्रेष्ठले मध्यपूर्वमा कार्यरत नेपाली श्रमिकको हक हितलाई पहिलो प्राथमिकतामा राख्ने स्पष्ट पारे । उनले हाल



मध्यपूर्वमा रहेका श्रमजीवी नेपालीको पीडा, अनुभव र अपेक्षालाई नजिकबाट बुझेर व्यावहारिक समाधान दिनु मेरो मुख्य जिम्मेवारी हो । संस्थाभित्रको एकता, श्रमिकको सुरक्षा र सम्मान सुनिश्चित गर्न म प्रतिबद्ध छु ।

**■ रमेश श्रेष्ठ**
मध्यपूर्व संयोजक, एनआरएनए आइसिसी

मध्यपूर्वमा जारी द्वन्द्वका कारण समस्यामा परेका कामदारको तत्काल उद्धार, राहत तथा सहयोगका लागि आपत्कालीन राहत कोष स्थापना गर्ने घोषणा गरेका छन् । उक्त कोषमार्फत दुर्घटना, बिरामी, कानुनी जटिलता वा अन्य संकटमा परेका नेपालीलाई छिटो र प्रभावकारी सहायता उपलब्ध गराइने छ ।

मध्यपूर्वका विभिन्न देशमा देखिएका द्वन्द्व र अस्थिरताबाट प्रभावित नेपाली श्रमिकको सुरक्षालाई विशेष ध्यान दिँदै श्रेष्ठले उद्धार, राहत तथा पुनःस्थापनाका लागि समन्वयात्मक कार्ययोजना अघि बढाउने बताए । दूतावास, स्थानीय निकाय तथा सम्बन्धित संघसंस्थासँग सहकार्य गर्दै संकटमा परेका नेपालीको हितमा शीघ्र र प्रभावकारी कदम चालिने उनको भनाइ छ ।

त्यसैगरी, वैदेशिक रोजगारीमा रहेका नेपाली श्रमिकको आम्दानीलाई सुरक्षित र उत्पादनमुखी लगानीतर्फ उन्मुख गराउने नीति पनि उनले अघि सारेका छन् ।

⏭ क्रमशः पृष्ठ २ मा

# काठमाडौं विश्वविद्यालय अमेरिकाको ‘एचई उच्च शिक्षा र्‍यांकिङ’मा

**काठमाडौं (प्रस)**– संयुक्त राज्य अमेरिकास्थित एक संस्थाद्वारा गरिएको ‘एचई उच्च शिक्षा र्‍यांकिङ’मा विश्वका ५०७ विश्वविद्यालयमध्ये काठमाडौं विश्वविद्यालय १२२औं स्थानमा परेको छ ।

विश्वभरका ९५ देशका ५०७ विश्वविद्यालय सहभागी ‘र्‍यांकिङमा विश्वविद्यालयको उच्च शिक्षामा प्रभाव मापन गर्न २५ मापदण्डअन्तर्गत १३६ सूचक प्रयोग गरिएका थिए । यो ‘र्‍यांकिङ’ मुख्यतः दक्षिण एसिया, दक्षिण अमेरिका र पूर्वी युरोपका उदीयमान विश्वविद्यालयको कार्यसञ्चालन क्षमता मूल्यांकनमा केन्द्रित रहेको जनाइएको छ ।

उक्त संस्थाले विश्वविद्यालयहरूको वास्तविक सञ्चालन प्रक्रिया र कार्यसम्पादनका आधारमा मूल्यांकन गर्दै तथ्यमा आधारित समग्र चित्र प्रस्तुत गर्ने गरेको जनाइएको छ । उक्त मूल्यांकन प्रतिवेदनमा उल्लेख गरिएअनुसार सुविधा तथा स्रोत व्यवस्थापन, शैक्षिक पारदर्शिता र भविष्य उन्मुख योजनामा विश्वविद्यालयले विशेष सम्भावना देखाएको छ । ‘एचई उच्च शिक्षा ‘र्‍यांकिङ’को विशेषता विश्वविद्यालयको सञ्चालनसँग सम्बन्धित नीति, प्रक्रिया, सेवा, उत्पादन र परिणामहरूको मापनमा जोड दिनु रहेको छ ।

मूल्यांकनका लागि समावेश गरिएका सूचकहरूमा समावेशिता, दिगो विकास, पारदर्शिता, उत्तरदायित्व, अनुसन्धान प्रणाली, क्याम्पस सुरक्षा, अन्तरराष्ट्रियकरण, शैक्षिक निष्ठा तथा डिजिटल पहुँचलगायत छन् । शिक्षण, अनुसन्धान, सुशासन, समानता र सामाजिक प्रभावमा अर्थपूर्ण सुधारका लागि मार्गनिर्देशन गर्ने उद्देश्यले ‘र्‍यांकिङ’ तयार गरिएको संस्थाले उल्लेख गरेको छ ।

काठमाडौं विश्वविद्यालयलाई पठाइएको इमेलमा ‘एचई उच्च शिक्षा र्‍यांकिङ’की सचिव नूरा अब्दुलजलीलले उक्त उपलब्धि विश्वविद्यालयको नेतृत्व, प्राध्यापक, कर्मचारी, विद्यार्थी तथा पूर्वविद्यार्थीको सामूहिक प्रयास र शिक्षाप्रतिको प्रतिबद्धताको परिणाम भएको जनाइएको छ । यो उपलब्धिले शैक्षिक उत्कृष्टता र नवप्रवर्तनप्रति काठमाडौं विश्वविद्यालयको अटल प्रतिबद्धता झल्काउने इमेलमा उल्लेख गरिएको छ ।

काठमाडौं विश्वविद्यालय शैक्षिक उत्कृष्टता निर्देशनालय प्रमुख प्रा.डा. हेमराज काफ्लेले प्रतिवेदनले विश्वविद्यालयको संस्थागत सञ्चालनबारे महत्त्वपूर्ण अन्तरदृष्टि प्रदान गरेको बताए । उनले यसले आफ्नो विश्वविद्यालयको सञ्चालन प्रणालीबारे केही महत्त्वपूर्ण जानकारी दिएको र अन्य अन्तर्राष्ट्रिय ‘र्‍यांकिङ’मा सहभागी हुन आवश्यक तथ्यांक सुदृढ गर्न मद्दत पुऱ्याउने धारणा राखे ।

## पृष्ठ १ बाट क्रमशः

### जोरबिजोर...

नेपालले प्रतिमहिना करिब ४५-४६ हजार मेट्रिक टन ग्यास खपत गर्ने गरेको छ। अधिकांश पेट्रोलियम पदार्थ मोतीहारी-अमलेखगञ्ज पाइपलाइनमार्फत आयात हुने भए पनि ग्यास भने बुलेट ट्रकमार्फत ल्याइन्छ, जसले आपूर्ति थप संवेदनशील बनाएको छ । यस्तोमा सरकारले इन्धनमा निर्भरता घटाउन वैकल्पिक उपायहरू पनि अघि बढाएको छ ।

सर्वसाधारणलाई विद्युतीय चुलो ‘इण्डक्सन’ प्रयोग बढाउन आग्रह गरिएको छ । नाकाबन्दीका बेला सुरु भएको यस्तो अभ्यास अहिले लोडसेडिङ अन्त्य भइसकेकाले अझ प्रभावकारी हुने अपेक्षा गरिएको छ । त्यस्तै, स्वदेशी उत्पादनको प्रयोग बढाउन र अनावश्यक उपभोग घटाउन पनि सरकारको अपिल छ । यद्यपि, यी सबै उपायहरू कार्यान्वयन गर्दा विशेषगरी दैनिक ज्यालादारीमा निर्भर वर्ग र साना व्यवसायीहरूलाई प्रत्यक्ष असर पर्ने भन्दै चिन्ता पनि प्रकट भइरहेको छ ।

अर्कोतिर यस्तोबेला बजारमा व्यापारीहरूले कालाबजारी गर्न सक्छन् । कृत्रिम अभाव सिर्जना गर्छन् । विगतमा व्यापारीहरूले त्यसो गर्ने गरेका थिए । त्यसो हुनाले आपूर्ति व्यवस्थापनमा पारदर्शिता र प्रभावकारी अनुगमन नभए सर्वसाधारण पीडित हुने सम्भावना हुने सरोकारवालाहरूको भनाइ छ ।

■■■

### गगनले ल्याए...

उनले भने, ‘म यो टिमको क्याप्टेन हुँ र मेरो नेतृत्वमा हामी निर्वाचनमा गएका हौं, त्यसैले हारको जिम्मेवारी मैले लिनुपर्छ भन्ने मेरो दृढ निष्कर्ष थियो ।’यद्यपि, केन्द्रीय समितिले विशेष महाधिवेशनबाट आएको नेतृत्वले नै बाँकी जिम्मेवारी पूरा गर्नुपर्ने निर्णय गरेपछि उनले समितिको निर्णयलाई सम्मान गर्दै नयाँ अध्यायको प्रारम्भ भएको घोषणा गरे । थापाले अब राजीनामाको अध्याय समाप्त भएको र पार्टीलाई १५औं महाधिवेशनतर्फ डोऱ्याउने जिम्मेवारी आफ्नो काँधमा आएको बताए ।

#### संविधान संशोधन र राष्ट्रिय सहमतिको पहल

सभापति थापाले संविधानका आधारभूत पिलरहरूलाई नचलाई सुशासन र प्रभावकारिताका लागि संविधान संशोधन गर्नुपर्ने प्रस्ताव राखेका छन् । यसका लागि कांग्रेसले एक वरिष्ठ नेताको संयोजकत्वमा विज्ञहरू सम्मिलित समिति बनाउने र उक्त समितिले पार्टीभित्र, संसद्का दलहरू र संसद्बाहिरका शक्तिहरूसँगसमेत छलफल गरी राष्ट्रिय सहमति निर्माण गर्ने योजना सुनाए ।

समावेशीकरण, सामाजिक न्याय र युवाको अधिकारलाई अझ सुदृढ बनाउँदै संविधानलाई समयसापेक्ष परिमार्जन गर्न कांग्रेसले नेतृत्वदायी भूमिका खेल्ने उनको दाबी छ। यसैगरी सार्वजनिक जिम्मेवारीमा जान चाहने नेताहरूका लागि थापाले ‘कांग्रेस लिडरसिप एकेडेमी’को अवधारणा अघि सारेका छन् । अब स्थानीय वा प्रदेश निर्वाचनमा उम्मेदवार बन्न चाहने व्यक्तिले अनिवार्य रूपमा एकेडेमीको पाठ्यक्रमअनुसार प्रशिक्षण लिनुपर्ने छ । ‘मेयर वा वडाध्यक्ष बन्न चाहनेले पब्लिक पोलिसी, अर्थतन्त्र र सुशासनका बारेमा तोकिएको घण्टा क्लास लिनैपर्छ,’ उनले भने । यसले पार्टीका उम्मेदवारहरूलाई शासकीय क्षमतामा अब्बल बनाउने र जनताका समस्या समाधानमा प्रभावकारी भूमिका खेल्न मद्दत पुग्ने विश्वास उनले व्यक्त गरे ।

#### रास्वपालाई दिए बधाइ

कांग्रेस सभापति थापाले राष्ट्रिय स्वतन्त्र पार्टीलाई बधाइ दिएका छन् । फागुन २१ को निर्वाचनबाट सुविधाजनक बहुमत प्राप्त गरेको भन्दै सभापति थापाले रास्वपा र रास्वपा नेतृत्वलाई बधाइ दिएका हुन् । ‘रास्वपा र रास्वपाको नेतृत्वलाई बधाइ छ । संविधान र विद्रोहको मर्मअनुसार सरकार सञ्चालन गर्ने शुभेच्छा छ,’ उनले भने । रास्वपाले अब पाँच वर्ष सरकार सञ्चालन गर्ने उनको भनाइ छ । त्यस बेलासम्म कांग्रेस प्रतिपक्षमा रहने पनि उनले बताए ।

#### १५औं महाधिवेशन भदौमा प्रस्तावित

सभापति थापाले आगामी २०८३ भदौमा १५औं केन्द्रीय महाधिवेशन सम्पन्न गर्नेगरी विस्तृत कार्यतालिका प्रस्ताव गरेका छन् । प्रस्तावित तालिकाअनुसार २०८३ वैशाखमा वडा तहमा क्रियाशील सदस्यता वितरण र अद्यावधिक गरिने छ । साउन ६ गते वडा अधिवेशन, साउन १२ गते गाउँ/नगर अधिवेशन, साउन २३ गते प्रदेशसभा क्षेत्रीय अधिवेशन, साउन ३० गते प्रतिनिधि सभा क्षेत्रीय अधिवेशन र महाधिवेशन प्रतिनिधि चयन गरिने छ ।

यस्तै, भदौ ६ र ७ गते जिल्ला अधिवेशन, भदौ १५ र १६ गते प्रदेश अधिवेशन र अन्ततः २०८३ भदौ २४, २५ र २६ गते नेपाली कांग्रेसको १५औं केन्द्रीय महाधिवेशन सम्पन्न गर्ने गरी कार्यतालिका पेस गरेका छन्। थापाले पार्टीको ‘गाडी’ अब अगाडि बढिसकेको र यसले कसैलाई पनि नछोड्ने बताए । ‘मैले सभापतिको रूपमा गाडी हाँकेको छु। अब यो गाडी रोकिँदैन । मैले भनेँ, यो गाडीमा अब को विशेष अधिवेशनमा हुनुहुन्थ्यो र को हुनुहुँदैन थियो भन्ने कुराबाट कुनै पूर्वाग्रह पनि हुँदैन,’ सभापति थापाले भने, ‘मैले उपसभापति र केही नेताहरूसँग आग्रह पनि गरेको छु । हामी सबैलाई सहभागी गराएर त्यसलाई अघि बढाएर लैजान्छौं ।’

निर्वाचनका बेला पार्टीका आधिकारिक उम्मेदवारलाई असहयोग गर्ने वा रुख चिन्हमा मत नहाल्ने प्रवृत्तिलाई आफूले गम्भीरतापूर्वक ‘नोटिस’ मा लिएको उनले चेतावनी दिए । ‘पार्टीको सदस्य भएर शपथ खाएपछि उम्मेदवारलाई जिताउनु कर्तव्य हो, कसैसँग असन्तुष्टि छ भन्दैमा पार्टीलाई हराउन पाइँदैन,’ थापाले भने ।

#### देउवापक्षको विरोध

पूर्वसभापति शेरबहादुर देउवापक्षले अदालतमा विचाराधीन पार्टीको आधिकारितासम्बन्धी मुद्दाको फैसला नभई कांग्रेसको नियमित महाधिवेशन गर्न नहुने बताएको छ । मंगलबार देउवापक्षका नेता श्याम घिमिरेले पार्टीको आधिकारितासम्बन्धी सर्वोच्च अदालतमा विचाराधीन मुद्दाको फैसला नभई नियमित महाधिवेशनमा जाने पक्षमा आफूहरू नरहेको प्रतिक्रिया दिएका हुन् ।

यता शेखर कोइरालानिकट नेता केदार कार्कीले यात्रुविनाको गाडी चलाएर कोही पनि गन्तव्यमा नपुगिने तर्क अघि सारेका छन् । ‘पेसेञ्जरविना दास र लास चढाएर छुटेको गाडीले कुन गन्तव्यमा पुऱ्याउँछ ? घमण्ड सबैले त्यागौं एकता महाधिवेशन गरौं। नेतृत्व हुँ भन्नेले बढी जिम्मेवार बनौं। संवाद अगाडि बढाऊ,’ कार्कीले भनेका छन् । कार्कीले गत पुसमा भएको विशेष महाधिवेशन भने गगनलाई साथ दिएका थिए ।

■■■

### आठ महिनामा...

संस्थागत उजुरी परेको अवस्थामा विभागले समस्या हेरेर धरौटी रकमबाट क्षतिपूर्ति दिँदै आएको छ । गत आर्थिक वर्ष २०८१/८२ मा चार हजार ९०० भन्दा बढी वैदेशिक रोजगारसम्बन्धी उजुरी परेका थिए । जसमा ९० प्रतिशतभन्दा बढी व्यक्तिगत ठगीका उजुरी भएको विभागले जनाएको थियो । यस वर्षको आठ महिनामै चार हजारभन्दा बढी उजुरी पर्दा यस आवका ठगीका घटना अघिल्लो वर्षकोभन्दा बढी हुने देखिन्छ ।

■■■

### एनआरएनए...

श्रमिकमैत्री कार्यक्रममार्फत नेपालसँगको आर्थिक सम्बन्धलाई मजबुत बनाउँदै दीर्घकालीन लाभ सुनिश्चित गर्ने उनको लक्ष्य छ । ‘मध्यपूर्वमा रहेका श्रमजीवी नेपालीको पीडा, अनुभव र अपेक्षालाई नजिकबाट बुझेर व्यावहारिक समाधान दिनु मेरो मुख्य जिम्मेवारी हो । संस्थाभित्रको एकता, श्रमिकको सुरक्षा र सम्मान सुनिश्चित गर्न म प्रतिबद्ध छु,’ उनले भनेका छन् ।


**मोटरसाइकल हराएको सूचना**

मिति २०८२/०१/२९ गते निम्न विवरणको Dio LED DLZ A3 रातो रंगको स्कुटर पनौती-१, रयाले, काभ्रे घरबाट पार्किङ गरेको अवस्थामा हराएको हुँदा देख्नुहुने महानुभावले तुरून्त मेरो निम्न मोबाइल नम्बर वा नजिकैको प्रहरी कार्यालयमा खबर गरिदिनुहुन अनुरोध गर्दछु ।

सवारी धनीको नाम : सन्त कुमार तामाङ
बाइक नं. : बा.प्र.०२-०४५प५८७२
च्यासिस नं.:ME4JF39JHPD063100
इन्जिन नं. : JF39ED1084532
ठेगाना : पनौती-१, रयाले, काभ्रे
मोवाइल नं. : ९८६१५५५६०३

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**विशेष दर्ता खारेजी सम्बन्धी १ (एक) दिने सूचना**

यस कार्यालयमा मिति २०७२/०१/२५ मा दर्ता भएको प्रा.लि.नं. १३५११३ को **बेष्ट एण्ड क्लासिस फेशन प्रा.लि.** नामक कम्पनी यस कार्यालयमा मिति २०८२/१२/०९ गतेको निर्णय अनुसार कम्पनी ऐन १३६ 'क' वमोजिम **विशेष दर्ता खारेज** गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**कम्पनीको हकदावी सम्बन्धी ३५ दिने सूचना**

यस कार्यालयमा मिति २०७९/०३/०५ मा दर्ता भएको श्री **मिएम्बिसन कन्सल्टिंग नेपाल प्रा. लि. (प्रा.लि. नं. २९२५८४)** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिनभित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**विशेष दर्ता खारेजी सम्बन्धी ३० दिने सूचना**

यस कार्यालयमा मिति २०८०/०६/१९ मा दर्ता भएको प्रा.लि.नं. ३२११६६ को **बटरकप्स अफिसियल प्रा.लि.** नामक कम्पनीले १३६ 'क' अनुसार विशेष दर्ता खारेज गरी पाऊँ भनी यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित **हक दावी**को लागि **३० (तीस) दिन**भित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

दोस्रो पटक प्रकाशित मिति : २०८२/१२/११ गते

यस कम्पनीको मिति २०८२/१२/०५ को साधारणसभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **दीप ज्योती इंगलिस वोर्डिङ्ग सप्तरी स्कूल प्रा.लि.** को नाममा रहेको सम्पूर्ण चलअचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८२/१२/०९ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **नेपाल लाइन्स एकेडेमी प्रा.लि. (प्रा.लि.नं. ११८८१२)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**कम्पनी दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७९/०२/१० मा दर्ता भएको प्रा.लि.नं. २९०९९७ को **स्पार्कलाइन सोलुसन प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८२/०२/१२ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम **दर्ता खारेज** गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०८१/०३/१६ मा दर्ता कायम भएको **ऐ.जेड.एम बिजनेश प्रा.लि.** (प्रा.लि.नं. ३३९८२०/०८०/०८१) लाई खारेजी लिक्वडेशनमा लैजाने कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम मिति २०८२/१२/०९ गतेको विशेष बैठकले निर्णय गरेकोले यस कम्पनीले तिर्न बेहोर्नु पर्ने ऋण, धन, एवं कोहि कसैको बाँकी बक्यौदा लेनदेन आदि भएमा स-प्रमाण सहित हक दाबि गर्न यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र लिक्वीडेटरको कार्यालय त्रिपुरेश्वरमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**श्री श्रवण कुमार श्रेष्ठ/ लिक्विडेटर**
**इजाजत पत्र नं. ४०४/फोन नं. ९८५१२१७००४**

**श्री कृष्ण माध्यमिक विद्यालय**
फोन नं. ०९९-४१२०७०, ०९-४१२०७५, Email : krishna.hss2017@gmail.com
कृष्णपुर, कञ्चनपुर (नेपाल)

**क्याटलग/ब्रोसर सपिङ बिधिवाट भन्सार छुटमा बस खरिद गर्ने सम्बन्धी सूचना स्थगन गरिएको बारे**

यस श्री कृष्ण माध्यमकि विद्यालय कृष्णपुर-४, कञ्चनपुरको प्रथम पटक प्रभाव दैनिक पत्रिकामा मिति २०८२/१२/०४ गते प्रकाशित क्याटलग र ब्रोसर सपिङ विधिवाट भन्सार छुटमा बस खरिद गर्ने सम्बन्धी सूचना कृष्णपुर नगरपालिकाको मिति २०८२/१२/१० गते च.नं. १५२२ को पत्रानुसार हाल लाई बस खरिद प्रक्रिया स्थगन गरिएको व्योहरा सम्बन्धित सबैलाई जानकारी गराइन्छ।

**चन्द्रदेव जोशी**
**प्र.अ.**
**Principal**
**Shree Krishna Secondary School**
**Krishnapur-4. Kanchan**

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय

**कम्पनीको हकदावी सम्बन्धी ३५ दिने सूचना**

यस कार्यालयको मिति २०७८/०४/०४ मा दर्ता भएको **गौरा पोलिक्लिनिक प्राइभेट लिमिटेड (प्रा. लि. नं. २६४८६३)** नामक कम्पनीले दर्ता खारेज गरिपाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उत्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाणसहित हकदावीको लागि ३५ दिनभित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।


## आजको राशिफल



**ज्यो. गुरु अनन्त**
अनन्त योग अल्केमी
स्वयम्भू, काठमाडौं, नेपाल
फोन : ९८४९२०३४५६

बुधबार, ११ चैत, २०८२

| | |
|---|---|
| मेष | रोकिएका काम बन्ने छन् । भगवान सूर्यदेवलाई जल अर्पण गरि दिनको सुरुवात गरेमा शुभ फल मिल्नेछ । |
| वृष | खर्छ बढ्ने योग रहेको छ । महादेवको ध्यान गरेमा पारिवारिक कलहबाट बच्न सकिन्छ । |
| मिथुन | आम्दानीको नयाँ स्रोत फेला पर्नेछ । हरियो वस्त्रको प्रयोगले शुभत्त्वमा वृद्धि हुने छ । |
| कर्कट | सामाजिक प्रतिष्ठा बढ्नेछ। सोमनाथको ध्यान गर्नाले चिन्ता हटेर जानेछन् । |
| सिंह | भाग्यले साथ दिनेछ । पिता र पितृको स्मरण गरेमा बाधा हटेर जानेछ। |
| कन्या | वास्थ्यमा समस्या देखा पर्न सक्छ । अश्विनी कुमारको स्मरण गरेमा कष्ट दूर हुने छ । |
| तुला | दाम्पत्य जीवन सुखद रहनेछ । स-साना बालबालिकालाई मिठाइ दिनु लाभप्रद हुनेछ । |
| वृश्चिक | शत्रु परास्त हुने छन् । हनुमान चालिसाको पाठ गर्नाले सहासमा वृद्धि हुनेछ । |
| धनु | बौद्धिक क्षमतामा वृद्धि हुनेछ । केशर चन्दनको टीका लगाएमा लाभ मिल्नेछ । |
| मकर | आमाको स्वास्थ्यमा ध्यान पुर्याउनु होला । अष्ट चिरञ्जीवीको नाम लिएमा कष्ट हटेर जानेछन् । |
| कुम्भ | पराक्रम बढेर जानेछ । चराचुरुङ्गीलाई चारो हाल्नाले विघ्न हटेर जानेछ । |
| मीन | धन संचित हुनेछ । कुलदेवताको स्मरण गरि अघि बढेमा कार्य सम्पन्न हुनेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | |
| ४४१४७९८/४४२७४५२ | |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६२६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालयरशववाहन सेवा | |
| (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| **एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल** | |
| किडनी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

११ चैत, २०८२ (२५ मार्च, २०२६)

| मुद्रा | एकाइ | खरिद दर | विक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १४९.६४ | १५०.२४ |
| युरो | १ को | १७३.१५ | १७३.८४ |
| पाउन्ड स्टिर्लङ | १ को | १९९.६६ | २००.४६ |
| स्विस फ्रैन्क | १ को | १८९.९० | १९०.६६ |
| अस्ट्रेलियन डलर | १ को | १०५.१० | १०५.५२ |
| क्यानाडियन डलर | १ को | १०९.०४ | १०९.४८ |
| सिङ्गापुर डलर | १ को | ११६.७० | ११७.१६ |
| जापानी येन | १० को | ९.४० | ९.४४ |
| चिनियाँ युआन | १ को | २१.७३ | २१.८२ |
| साउदी अरब रियाल | १ को | ३९.८५ | ४०.०१ |
| कतारी रियाल | १ को | ४०.९४ | ४१.११ |
| थाई भाट | ख १ को | ४.५५ | ४.५७ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ४०.७४ | ४०.९० |
| मलेसियन रिङेट | १ को | ३७.९८ | ३८.१४ |
| दक्षिण कोरियन वन | १०० को | ९.९४ | ९.९८ |
| स्विडिस क्रोनर | १ को | १६.०२ | १६.०८ |
| डेनिस क्रोनर | १ को | २३.१७ | २३.२७ |
| हङकङ डलर | १ को | १९.१० | १९.१८ |
| कुवेती दिनार | १ को | ४८८.०६ | ४९०.०२ |
| बहराइन दिनार | १ को | ३९६.३४ | ३९७.९३ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावीधक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# आमाको नामबाट तीन हजार जनाले लिए नागरिकता

**काठमाडौं (प्रस)–** नेपाल नागरिकता (चौथो संशोधन) नियमावली, २०८२ जारी भएदेखि आमाको नामबाट दुई हजार ९४८ जनाले नागरिकता लिएका छन् । नयाँ नियमावली जारी भएपछि हालसम्म नयाँ व्यवस्थाअनुसार उनीहरूले नागरिकता प्राप्त गरेको गृह मन्त्रालयले जानकारी दिएको छ ।

चौथोपटक संशोधन गरिएको नेपाल नागरिकता नियमावली राजपत्रमा प्रकाशित गरिएको थियो । गत पुस ११ गते बसेको मन्त्रिपरिषद् बैठकले नेपाल नागरिकता चौथो संशोधन नियमावलीमा स्वीकृत गर्ने निर्णय गरेको थियो ।

नेपाल नागरिकता नियमावली, २०६३ को नियम ३ मा संशोधन गरिएको छ । त्यस्तै, मूल नियमावलीको नियम ५, ७, ८ र १४ मा संशोधन गरिएको छ । मूल नियमावलीमा नियम १६ (क) थप गरिएको छ भने मूल नियमावलीको अनुसूचीमा संशोधन गरिएको छ ।

नयाँ व्यवस्थाअनुसार बुबा वा आमामध्ये एक जनाले जन्मका आधारमा नेपाली नागरिकता प्राप्त गरेको र अर्को अभिभावक नागरिकता नपाउँदै मृत्यु भएको वा बुबाको ठेगाना अज्ञात रहेको अवस्थामा तथा नेपाली आमाबाट विदेशमा जन्मिएर बुबाको पहिचान नभएका तर नेपालमा स्थायी बसोबास गरिरहेका सन्तानको हकमा प्रमुख जिल्ला अधिकारीले आवश्यक छानबिन गरी अंगीकृत नेपाली नागरिकता प्रदान गर्न सक्ने व्यवस्था थप गरिएको छ ।

नागरिकता जारी गर्दा नियमावलीले तोकेका कागजातका अतिरिक्त स्वघोषणालाई पनि महत्त्वपूर्ण आधारका रूपमा लिइने छ । त्यसका लागि आवश्यक ढाँचासमेत संशोधित नियमावलीले व्यवस्था गरेको छ । यसअघि वैवाहिक अंगीकृतबाहेकका अन्य अंगीकृत नागरिकता गृह मन्त्रालयको निर्णयमामात्र प्रदान हुने व्यवस्था थियो । नयाँ कानुनी व्यवस्थाअनुसार उक्त अधिकार प्रमुख जिल्ला अधिकारीलाई प्रत्यायोजन गर्न सकिने व्यवस्था गरिएको छ, जसले नागरिकता वितरण प्रक्रियामा स्थानीय तहको भूमिका र जिम्मेवारी बढाएको छ ।

संशोधनले यसअघि कानुनले स्पष्टरूपमा समेट्न नसकेको नाबालक परिचयपत्र वितरणसम्बन्धी विषयलाई पनि समावेश गरेको छ । साथै विदेशी महिलाले नेपाली पुरुषसँग विवाह गरेको अवस्थामा वैवाहिक अंगीकृत नागरिकता प्रदान गर्नुअघि निजको नेपाल बसाइँ अनुमति (भिसा) नियमित हुनुपर्ने व्यवस्था स्पष्ट गरिएको छ ।

# संविधानसभापछि सिंहदरबार फर्कंदै संसद्

■ भीष्मराज ओझा



**काठमाडौं–** मुलुकमा संविधानसभा सदस्यको निर्वाचनपछि २०६५ जेठदेखि सिंहदरबारभन्दा बाहिर बस्दै आएको संसद् अधिवेशन १७ वर्षपछि सिंहदरबारमै बस्न लागेको छ । गत फागुन २१ गते सम्पन्न प्रतिनिधिसभाको निर्वाचनपछि संसद् बैठक अब सिंहदरबारस्थित निर्माणाधीन आफ्नै भवनमा बस्न लागेको हो । सोही भवनमा प्रतिनिधिसभाका नवनिर्वाचित २७५ सदस्यको शपथ यही चैत १२ गते दिउँसो २ बजेका लागि तय भएको छ ।

२०६४ चैत २८ गते भएको निर्वाचनबाट ६०१ सदस्यीय संविधानसभा गठन भएपछि पुरानो संसद् (ग्यालरी बैठक) भवन साँघुरो भएकाले संसद्को अधिवेशन नयाँ बानेश्वरस्थित अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रमा बस्दै आएको थियो । संविधानसभा अघिसम्म भने संसद् बैठक सिंहदरबारस्थित पुरानो संसद् (ग्यालरी बैठक) भवनमा बस्दै आएको थियो । वि.सं. २०१६ देखि प्रारम्भ भएको नेपालको संसदीय इतिहास त्यहीँ भवनबाट सुरु भएको थियो ।

गत भदौ २३ र २४ गते जेन-जी आन्दोलनका क्रममा आगलागीबाट बानेश्वरस्थित अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रको भवन ध्वस्त भएको थियो । राष्ट्रिय सभाको बैठक भने यसअघि गत माघ ४ गतेदेखि नै अस्थायीरूपमा सिंहदरबारस्थित कृषि समितिको बैठक कक्षमा बस्दै आएको छ ।

संघीय संसद् सचिवालयले संविधानसभा बैठकका लागि २०६५ जेठदेखि भाडा र कर्मचारी परिचालनसहित वार्षिक पाँच करोड ६० लाख रूपैयाँ तिर्नेगरी अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र विकास समितिसँग सम्झौता गरेको थियो । समितिका वरिष्ठ कार्यक्रम संयोजक दीपेन्द्रविक्रम सिंहका अनुसार उक्त भाडा प्रत्येक वर्ष १० प्रतिशतले वृद्धि भई पछिल्लो समय गत असोजसम्म पुग्दा वार्षिक १६ करोड ५० लाख रूपैयाँ पुगेको थियो ।

सचिवालयले संसदीय गतिविधिका लागि समितिको १५३ रोपनी क्षेत्रफलमा रहेका मुख्य सभा हलसहित आठ विभिन्न हल, विशिष्ट कक्ष, पार्किङ, बगैँचालगायत प्रयोग गर्दै आएको संयोजक सिंहले बताए । जेन-जी आन्दोलनपछि संसद् सचिवालयले सूचना प्रकाशित गरी गत असोजदेखि एकतर्फी रूपमा उक्त सम्झौता रद्द गरेको छ ।

तत्काल संसद् बैठक सिंहदरबारस्थित निर्माणाधीन संसद् भवनको मुख्य हल निर्माण हुन केही समय लाग्ने भएपछि संघीय संसद् सचिवालयले बहुउद्देश्यीय हल तत्कालका लागि प्रयोग गर्ने जनाएको छ । सचिवालयका प्रवक्ता सहसचिव एकराम गिरीले शपथ ग्रहण र प्रारम्भिक बैठकका लागि वैकल्पिक हलको व्यवस्था गरिएको जानकारी दिए । मुख्य हल तयार हुन केही समय लाग्ने भएपछि तत्कालका लागि वैकल्पिक व्यवस्था गरिएको उनको भनाइ छ ।

निर्वाचन आयोगबाट अन्तिम मतपरिणाम सार्वजनिक भएपछि प्रतिनिधिसभा बैठक बोलाउने गरी तयारी थालिएको हो । त्यसका लागि प्रतिनिधिसभाका नवनिर्वाचित ज्येष्ठ सदस्य अर्जुननरसिंह केसीलाई आज (बुधबार) राष्ट्रपति रामचन्द्र पौडेलले राष्ट्रपति कार्यालय शीतल निवासमा शपथ गराउने कार्यक्रम तय भएको छ ।

त्यसैगरी, ज्येष्ठ सदस्य केसीले भोलि चैत १२ गते प्रतिनिधिसभाका नवनिर्वाचित सबै सदस्यहरूलाई नयाँ संसद् भवनमा शपथ गराउने प्रवक्ता गिरीले बताए । नेपालको संविधानको धारा, ९३ अनुसार राष्ट्रपतिले प्रतिनिधिसभाका लागि भएको निर्वाचनको अन्तिम परिणाम घोषणा भएको मितिले ३० दिनभित्र संघीय संसद्को अधिवेशन आह्वान गर्नुपर्छ ।

नयाँ संसद् भवन सिंहदरबारस्थित पुतली बगैँचामा २०७६ असोज १ गते शिलान्यास गरिएको थियो । सहरी विकास तथा भवन निर्माण विभागका उपमहानिर्देशक तथा आयोजना निर्देशक रोशन श्रेष्ठका अनुसार भवनको अधिकांश काम सम्पन्न भइसकेको छ भने केही प्राविधिक काम बाँकी छ ।

विभागका अनुसार संसद् भवनको सिभिल निर्माणतर्फ करिब पाँच अर्ब ५० देखि ६० करोड रूपैयाँ हाराहारी खर्च हुने अनुमान छ भने 'इन्टेरियर' निर्माणका लागि थप दुई अर्ब ३४ करोड रूपैयाँ लागत रहेको छ । करिब १५१ रोपनीभन्दा बढी क्षेत्रफलमा निर्माण भइरहेको नयाँ संसद् भवन तयार भएपछि संघीय संसद्का सम्पूर्ण गतिविधि यही नयाँ संरचनाबाट सञ्चालन हुने छन् ।

यसमा प्रतिनिधिसभा र राष्ट्रिय सभाका भवन, अतिविशिष्ट कक्ष र अन्य कार्यालयलगायत १२ भवन हुने छन् । संसद् भवनभित्र मुख्य भवन आठ छन् । भवनभित्र ३५० सिट क्षमताको संयुक्त 'लबी' हुने छ भने सानाठूला गरी १० संसदीय दलका कार्यालय हुने छन् । साथै चार अतिरिक्त विशिष्ट कक्ष, दुई संसद् सचिवालय भवन, संसद् 'लाइब्रेरी'लगायत संरचना निर्माण गरिएका छन् । *रासस*


## युएइमा रोजगार

कम्पनी : CM HYPERMARKET L.L.C

पूर्व स्वीकृति मिति : २०८२/०३/१० | पुन विज्ञापन स्वीकृति मिति : २०८२/१२/१० | LT. No. 326139 | चलानी नं.६०२४००५८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | cashier female | 0 | 8 | 1500 | ६१,३४७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | sales/salesman/ salesgirl | 17 | 20 | 1300 | ५३,०८० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ चैत १८ गते (1st April 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Frontline Recruitment
FRONTLINE RECRUITMENT PVT.LTD.
Sinamangal-9, Kathmandu, Nepal, Telephone: 01-4593645, 4593646, 4593647
Email: info@manpoweragencynepal.com
Govt. License 886/067/068

## साइप्रसमा रोजगार

कम्पनी : A.T. CRYSTAL CLEAN SOLUTIONS

पूर्व स्वीकृति मिति : २०८२/०३/३२ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/१२/१० | LT. No. 327068 | चलानी नं. ६०२४१०२८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव EUR | मासिक तलव ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Domestic Worker | 0 | 18 | 400 | १,१८,९०४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Employee | 3 | 0 | 700 | २,०८,०८३ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ चैत १८ गते (1st April 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Kathmandu International Incorporate Pvt. Ltd.
Tokha Municipality-10, Samakhushi, Kathmandu, Phone No: 01-4960635, 4952265
4960635 Mobile No. : 9816501787, 9851009805 Email : kiimanpowernepal@gmail.com
श्रम ईजाजत नं. ४४१/०६०/६१


नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

## हकदावी गर्न आउने बारेको ३५ दिने सूचना

प्रकाशित मिति २०८२/१२/११ गते

यस कार्यालयमा मिति २०८२/११/१० मा दर्ता भएको **सन्जना फेल्ट क्राफ्ट प्राइभेट लिमिटेड (प्रा.लि.नं. ३८५९३६)** नामक कम्पनीले दर्ता खारेज गरी पाऊँ भनी यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित **हकदावी**को लागि **३५ (पैतिस)** दिनभित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।


## युएईमा रोजगार

कम्पनी : S.J. ABED GENERAL ENTERPRISES LTD

पूर्व स्वीकृति मिति : २०८१/१२/३१ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/१२/१० | LT. No. 321989 | चलानी नं. ६०२३६०७१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Cook | 6 | 0 | 1000 | ४०,८३१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Waiter | 67 | 0 | 1200 | ४८,९९७ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ वैशाख ८ गते (21st Apr. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 1618/079/80
MANPOWER AGENCY NEPAL PVT.LTD.
Sinamangal-9, Kathmandu, Nepal, Telephone: 014493648, Mobile: 9851068111

## मलेसियामा रोजगार

कम्पनी : GOLD SUSPENSION SYSTEM MALAYSIA SDN. BHD

पूर्व स्वीकृति मिति : २०८२/१२/१० | LT. No. 340156 | चलानी नं.६०२५३६१७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manufacturing Worker | 80 | 0 | 1700 | ६४,६७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: Diyalo foodland, काठमाडौंमा मिति: २०८२ चैत २० र २१ गते (3rd & 4th Apr. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

OMEGA INTERNATIONAL
Omega International Pvt. Ltd.
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337, E-mail : info@omeganepal.com, Website : www.omeganepal.com
Govt. License No. 1352/074/075


रोशी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रोशी-७, अमलटार, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

## आन्तरिक आय संकलन सम्बन्धी बोलपत्र आव्हानको सूचना

**तेस्रो पटक प्रकाशित सूचना मितिः २०८२।१२।११**

स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ६२ (क) बमोजिम यस रोशी गाउँपालिकाबाट आ. व २०८२।८३ को लागि देहाय बमोजिमको आन्तरिक आय सम्बन्धी ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले बागमती प्रदेश सरकारको आर्थिक ऐन २०८१ अनुसूची- ५ मा तोकिएको दररेट बमोजिम स्वीकृत प्रारम्भिक वातावरणिय परिक्षण प्रतिवेदन (IEE) मा उल्लेखित क्षेत्रहरूबाट स्वीकृत परिमाण भन्दा बढी उत्खनन नहुने गरी ढुंगा, गिट्टी, बालुवा, माटो, डष्ट आदि संकलन तथा बिक्री शुल्कको ठेक्का लिन इच्छुक फर्म वा कम्पनीहरूबाट तोकिएको न्यूनतम अंकमा नघट्ने गरी निम्नानुसारको विषय क्षेत्रभित्र बोलपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ । रित नपुगी या म्याद नाघी प्राप्त हुन आएका बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

**ठेक्का सम्बन्धी विवरण :**

| क्र.सं. | आन्तरिक आय ठेक्का संकेत | ठेक्काको विषय क्षेत्र | आ.व २०८२/८३ का लागि कायम न्यूनतम अंक (मू.अ.कर बाहेक) | बोलपत्र दस्तुर | स्वीकृत दररेट (मू.अ.कर बाहेक) | धरौटी/ जमानत रकम |
|---|---|---|---|---|---|---|
| १ | RRM/REV/ 11-2082/083 | रोशी गाउँपालिका क्षेत्र भित्र भएर प्रयोग हुने ढुंगा, गिट्टी, बालुवा, माटो, डष्ट आदि प्राकृतिक एवं नदीजन्य वस्तुको बिक्री शुल्क (मामती खोलाको बगर क्षेत्र) | ७६,२१,९०७।१४ (रू. छयहत्तर लाख एक्काइस हजार नौ सय सात रूपैया र पैसा चौध मात्र) | ३,०००/- | ढुंगा,गिट्टी,बालुवा,ग्राभेल प्रति घनफिट (मु.अ.कर बाहेक)रू. ७/- | मु.अ.कर सहित कबोल अंकको ५ प्रतिशत |
| २ | RRM/REV/ 12-2082/083 | रोशी गाउँपालिका क्षेत्र भित्र भएर प्रयोग हुने ढुंगा, गिट्टी, बालुवा, माटो, डष्ट आदि प्राकृतिक एवं नदीजन्य वस्तुको बिक्री शुल्क (भ्याकुरे दोभान कालढुंगा देखि पिप्ले पुल सम्म (डम्फु पार्क-१, डम्फु पार्क - २ र डालबेसी फाँट) बगर क्षेत्र) | ८१,३१,०३५।३२ (रू. एकासी लाख एकतिस हजार पैंतिस रूपैया र पैसा बत्तिस मात्र) | ३,०००/- | | |

**शर्तहरु :**

१. बोलपत्र फाराम खरिद गर्न इच्छुक बोलपत्र दाताले मु.अ.कर दर्ता प्रमाणपत्रको प्रतिलिपी, अद्यावधिक फर्म नबिकरण प्रमाणपत्रको प्रतिलिपी, आ.व.२०८१/०८२ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी, यस गाउँपालिकाको सिद्धार्थ बैंक, कटुञ्जे शाखामा रहेको आन्तरिक राजस्व खाता नं ०३६१८२११५५०, राजस्व शीर्षक नं. १४२२९ मा जम्मा गरी श्री सार्वजनिक खरिद अनुगमन कार्यालय (PPMO) को वेभसाईट www.bolpatra.gov.np/egp system बाट Bid Document खरिद गरि मिति २०८२।१२।२६ गते दिनको १२:०० बजेसम्म E-Bidding मार्फत पेश गर्नुपर्ने छ । बोलपत्र पेश गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट पेश गर्ने तथा खोल्ने मिति कायम हुनेछ ।

२. बोलपत्र फारम साथ धरौटी वापत कवोल अंकको ५ (पाँच) प्रतिशतले हुने जमानतको रकम यस कार्यालयको सिद्धार्थ बैंक, कटुञ्जे शाखामा रहेको धरौटी खाता नं. ०३६१५०३१७२१ मा रकम जम्मा गरेको सक्कलै भौचर वा सूचनामा जारी भएको मितिले कम्तिमा १२० दिन म्याद भएको यस कार्यालयको नाममा जारी भएको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त 'क' वर्गको वाणिज्य बैंकको ग्यारेन्टी पेश गर्नुपर्ने छ ।

३. यस सम्बन्धमा थप जानकारी रोशी गाउँपालिकाको कार्यालय रोशी- ७ अमलटार, काभ्रेपलाञ्चोकबाट प्राप्त गर्न सकिने छ । साथै ठेक्का सम्बन्धी कुनै जानकारी आवश्यक रहेमा ९८५१२०१९३७ मा सम्पर्क गरी जानकारी लिन सकिनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**


## युएइमा रोजगार

कम्पनी : DESCON ENGINEERING

पूर्व स्वीकृति मिति : २०८२/०४/२२ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/१२/१० | LT. No. 328768 | चलानी नं. ६०२४२५६५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 50 | 0 | 1000 | ३८,०९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Pipe Fitter | 50 | 0 | 1300 | ४९,५२५ | | | | | | | |
| 3 | Riggers | 50 | 0 | 1200 | ४५,७१५ | | | | | | | |
| 4 | Scafolder | 50 | 0 | 1300 | ४९,५२५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ चैत १८ गते (1st April 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

LIC No. 407/060/61
Seagull International Global H.R. Consultants Pvt. Ltd.
Sukedhara, Kathmandu, Nepal, Tel: 01-4375822/4375824, Mob: 9808818851, 9816060051, 9851015421, 9746458492, 9841781155, E-mail : cm.seagull55@gmail.com, Web: www.seagullnepal.com.np

## मलेसियामा रोजगार

कम्पनी : SUNSEGA PROPERTY SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/१२/१० | LT. No. 340220 | चलानी नं. ६०२५३६२१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | SERVICES | 17 | 0 | 1700 | ६४,६७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ चैत १८ गते (1st April 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

TRUST INTERNATIONAL OVERSEAS PVT. LTD.
Sanepa-2, Lalitpur, Nepal. Tel :+977-1-5915798, 5915799
E-mail : trustinternational4415@gmail.com, website:www.trustintloverseas.com
Govt. License 1521/074/075


## सेफवे बचत तथा ऋण सहकारी संस्था लिमिटेड, पुरानो बानेश्वर, काठमाडौंको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी अत्यन्त जरुरी ३५ दिने गोप्य शिलबन्दी बोलपत्र आह्वानको सूचना

**(प्रकाशित मितिः २०८२/१२/११, प्रभाव दैनिक)**

यस सेफवे बचत तथा ऋणसहकारी संस्था लिमिटेड, पुरानो बानेश्वर, काठमाडौंबाट तपसिल बमोजिमका ऋणीहरूले प्राप्त गरेको ऋणकर्जाको संस्थालाई समय समयमा तिर्नु बुझाउनु पर्ने सांवा, ब्याज, हर्जाना आदि रकम चुक्ता भुक्तान गर्न पटक पटक मौखिक, लिखित एवं सार्वजनिक सूचना प्रकाशित गरी तरताकेता गर्दा समेत नतिरी नवुझाई संस्थासंग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरू उल्लघन गरेको हुनाले निज ऋणीहरूलाई सम्पुर्ण कर्जा सो कर्जाको ब्याज, हर्जाना तथा अन्य दै दस्तुरहरू तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत तिर्न बुझाउनु पर्ने ऋणकर्जाको रकम चुक्ता भुक्तान नगरेकोले कर्जा सुरक्षण बापत धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पति तथा सोको लिगलगापातहरू समेत जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा बिक्री गर्न यो ३५ दिने लिलाम सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३६ औं दिन अथवा मिति २०८३ बैशाख १७ गते बृहस्पतिबारका दिन सहकारी संस्थाको कार्यालय सेफवे भवनमा गोप्य सिलबन्दी बोलपत्रद्धारा लिलाम बिक्री गरी संस्थाको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारिको लागि यो गोप्य शिलबन्दी बोलपत्र आह्वानको सूचना प्रकाशित गरिएको छ । सो धितो रहेको अचल सम्पत्तिहरू सकार गरी लिन इच्छुक व्यक्ति वा फर्मले निम्न बमोजिमको शर्तबन्देजहरूको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ ।

सो जग्गा लिलाम बिक्रीमा भाग लिन इच्छुक व्यक्ति वा फर्मले २०८३/०१/१७ गते अगावै संस्थाबाट उपलब्ध गराईने कोटेशन फारम लिई आफुले लिलाममा लिन खोजेको जग्गाको आफुले कबुल गरेको रकमको १०(दश) प्रतिशत धरौटी रकम संस्थामा नगद जम्मा गरेको सक्कल भौचर संलग्न गरी संस्थाको कार्यालय सेफवे भवनमा १.०० बजे भित्र बुझाउनुपर्ने छ । मिति २०८३/०१/१७ गतेका दिन दिनको ३.०० बजे सिलबन्दी कोटेशन खोलिने छ ।

यदि सिलबन्दी कोटेशन लिलामी प्रक्रियामा कसैले धितो सम्पत्ति लिलाम सकार नगरेमा संस्थाले संस्थाको नाममा नामसारी गरी गराई लिन सक्नेछ यसमा पछी कुनै पनि उजर वाजुर गर्न पाइने छैन र सो जायजेथाबाट असुलउपर नभएमा सहकारी ऐन २०७४ को दफा ७९ सहकारी नियमावली २०७५ को नियम ३० र सहकारी संस्थाको विनियम २०६६ को परिच्छेद ७ तथा सहकारी संस्थाको ऋण नीति २०६७ अनुसार आफनो लेना रकम असुल उपर गरी लिने समेत जानकारी गराइन्छ ।

| सि.नं. | ऋणीहरूको विवरण | धितोको विवरण र साक्षीहरू |
|---|---|---|
| १. | श्री असमान लामा को नातीनी श्री चेत ब.लामा को छोरी श्री प्रकास तामाङ को श्रीमती काठमाण्डौ का.म.पा. वडा नं. ७ बस्ने बर्ष ४७ को **श्री बिना तामाङ** | काठमाडौं इचंगुनारायण वडा नं. ७ स्थित कि.नं.५४ को क्षेत्रफल १५८.९४ ब.मी जग्गा **साक्षी :–** १) काठमाडौं जिल्ला नयांबजार १६ बस्ने बर्ष ५० का श्री प्रकाश तामाङ २) काठमाडौं नागार्जुन वडा नं. १ बस्ने बर्ष ५९ का श्री हरि कृष्ण लामा |
| २. | श्री विर बहादुर थापाको नाती श्री मोहन बहादुर थापाको छोरा भक्तपुर जिल्ला दधिकोट ९, हाल सुर्यविनायक न.पा.बस्ने बर्ष ५९ को **श्री रमेश थापा** | भक्तपुर जि. दधिकोट वडा नं.९ स्थित कि.न. ८६५७ को ०-५-२-२ रोपनी जग्गा **साक्षी :–** १) का.जि. चन्द्रागिरी न.पा. १५ बस्ने बर्ष ५६ को कपिल थापा क्षेत्री |

**सेफवे बचत तथा ऋण सहकारी संस्था लिमिटेड**
**सेफवे भवन, पुरानो बानेश्वर, काठमाडौं फोन नं. ४५९९३९२, ४५९७९८७**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# आयातीत इन्धनमा निर्भरता घटाऊ

पश्चिम एसियामा बढ्दो राजनीतिक तथा सैन्य तनावका कारण विश्वव्यापी पेट्रोलियम आपूर्ति शृंखला खलबलिने संकेतहरू देखिएका छन् । यसको प्रत्यक्ष असर नेपालजस्तो पूर्णतः आयातीत इन्धनमा निर्भर मुलुकमा पर्नु स्वाभाविक हो । यही जोखिमलाई मध्यनजर गर्दै सरकारले इन्धन खपत घटाउने विकल्पहरूमा छलफल थाल्नुलाई सकारात्मक कदम मान्नुपर्छ । तर, केवल छलफल र औपचारिकतामामात्र सीमित नभई सरकारले व्यावहारिक र दीर्घकालीन समाधानतर्फ पाइला चाल्नुपर्ने बेला आएको छ ।

सरकारले अहिले अघि सारेका सवारीसाधनमा जोर–बिजोर प्रणाली, साप्ताहिक दुईदिने बिदा र ‘वर्क फ्रम होम’ जस्ता विकल्पहरू नयाँ भने होइनन् । २०७२ सालको नाकाबन्दी र कोभिड–१९ को समयमा यी उपायहरू परीक्षण भइसकेका छन् । जोर–बिजोर प्रणालीले सडकमा गाडीको संख्या घटाएर तत्काल इन्धन खपत त न्यून गर्छ, तर यसले सार्वजनिक यातायातमा यात्रुको चाप बढ्दा सर्वसाधारणले भोग्नुपर्ने सास्तीको विषयलाई नजरअन्दाज गर्न मिल्दैन । यसअघि पनि दुईदिने सार्वजनिक बिदाको प्रयोग सफल हुन सकेको थिएन, जसले सरकारी सेवा प्रवाहमा सुस्तता ल्याएको गुनासो आएको थियो ।

वास्तवमा, इन्धन संकटको समाधान केवल ‘खपत कटौती’मा मात्र खोजिनु हुँदैन । हामीसँग प्रचुर मात्रामा रहेको जलविद्युत्को उपभोगलाई प्रवर्द्धन गर्नु नै यो संकटको स्थायी ओखती हो । सरकारले सर्वसाधारणलाई विद्युतीय चुल्हो (इन्डक्सन) प्रयोग गर्न आग्रह गरे पनि भरपर्दो बिजुली आपूर्ति र सहुलियतपूर्ण महसुलको सुनिश्चितता नभएसम्म ग्यासप्रतिको निर्भरता घट्ने छैन । त्यसैगरी, विद्युतीय सवारीसाधनलाई प्रोत्साहन गर्ने नीति र पूर्वाधार (चार्जिङ स्टेसन)को विस्तारमा ढिलाइ गर्नु हुँदैन ।


संकटका बेला बजारमा मौलाउने अर्को विकृति कालाबजारी र कृत्रिम अभाव हो । आपूर्ति व्यवस्थापनमा हुने सानो कमजोरीले पनि उपभोक्तालाई मारमा पार्ने हुनाले नियमनकारी निकायले आफ्नो उपस्थिति प्रभावकारी बनाउनुपर्छ । निष्कर्षमा, संकट टार्नका लागि गरिने पूर्वतयारी कागजमामात्र सीमित नभई कार्यान्वयनमा सहज र सर्वसाधारणमैत्री हुनुपर्छ । परनिर्भरता घटाउने र स्वदेशी ऊर्जालाई आधार बनाउने ठोस नीति नै आजको आवश्यकता हो ।

## श्रम सरोकार

### वैदेशिक रोजगारीमा जाने श्रमिकका लागि आवश्यक जानकारी

- वैदेशिक रोजगार विभागबाट श्रम स्वीकृति लिएरमात्र जानुपर्दछ ।
- सरकारले खुला गरेका मुलुकहरूबाहेक वैदेशिक रोजगारका लागि जान नहुने देशहरू विभागको वेबसाइटमा हेर्न सकिन्छ ।
- १८ वर्ष उमेर पूरा नभई वैदेशिक रोजगारमा जान पाइँदैन । खाडी मुलुकमा जान महिला घरेलु कमदारको हकमा २४ वर्ष उमेर पूरा भएको हुनुपर्दछ ।
- श्रम स्वीकृति लिएर व्यक्तिगतरूपमा पनि वैदेशिक रोजगारमा जान सकिन्छ ।
- वैदेशिक रोजगारमा जानुअघि कम्तीमा १० लाख रूपैयाँ बराबरको बिमा गराउनुपर्दछ ।
- सरकारबाट स्वीकृति प्राप्त स्वास्थ्य संस्थामा स्वास्थ्य जाँच गराएर मात्र जानुपर्दछ ।
- वैदेशिक रोजगारमा प्रस्थान गर्नुअघि पूर्वप्रस्थान अभिमुखीकरण तालिम अनिवार्य लिनुपर्दछ । महिला कामदारले अभिमुखीकरण तालिमका लागि तिरेको रकम वैदेशिक रोजगार बोर्डबाट सोधभर्ना पाइन्छ ।
- वैदेशिक रोजगारमा जान रोजगारदाता र पठाउने कम्पनीसँग करार गर्नुपर्दछ ।
- श्रम स्वीकृतिका लागि करार अवधि तीन वर्षसम्मको भएमा एक हजार ५०० रूपैयाँ र तीन वर्षभन्दा बढीको भएमा दुई हजार ५०० रूपैयाँ कल्याणकारी कोषमा जम्मा गर्नुपर्दछ ।
- विभागले तोकेबमोजिम सीपको तालिम लिई सोको प्रमाणपत्र पेस गर्नुपर्दछ ।
- वैदेशिक रोजगारमा जाँदा स्वदेशी विमानस्थलको प्रयोग गर्नुपर्दछ ।
- म्यानपावर कम्पनीलाई तिरेको पैसाको रसिद लिनुपर्दछ ।
- सम्झौताबमोजिम रोजगार उपलब्ध नगराएमा कामदार वा निजको आफन्तले विभागसमक्ष क्षतिपूर्तिका लागि उजुरी दिन सक्ने छ ।
- कामदारले आर्जन गरेको रकम बैंक वा इजाजत प्राप्त बैंकिङ सेवा प्रदान गर्ने संस्थामार्फत स्वदेश पठाउनुपर्छ ।
- करारबमोजिम सुविधा नपाई कामदार अलपत्र परी स्वदेश फर्काउन परेमा म्यानपावरले नै स्वदेश फर्काउनुपर्ने छ ।
- कामदारले भिसाको म्याद, करार अवधि र श्रम स्वीकृतिको म्याद सकिएपछि स्वदेश फर्कनुपर्दछ ।

# सामाजिक विकासमा ध्यान दिनुपर्ने सवाल



❑ गम्भीरबहादुर हाडा

“ नेपालजस्तो बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक र बहुधार्मिक समाजमा समान स्वतन्त्रतामात्रको अवधारणाले कमजोर र अल्पसंख्यक समूहहरूको अधिकारलाई पर्याप्त संरक्षण गर्न सक्दैन । त्यसैले सबैको अधिकार सुनिश्चित गर्न र सामाजिक न्याय स्थापित गर्न थप समावेशी र न्यायसंगत रणनीतिहरु अपनाउनु आवश्यक छ । समान स्वतन्त्रतामात्र होइन, समावेशी समानताको अवधारणालाई प्राथमिकता दिनुपर्छ । यसले कमजोर र पिछडिएका वर्ग, समुदाय र समूहहरूलाई विशेष संरक्षण र अवसर प्रदान गरेर सामाजिक असमानतालाई कम गर्ने लक्ष्य राख्छ ।

विकासको नयाँ सन्दर्भमा सामाजिक विकासलाई आधुनिक विकासवादी अर्थशास्त्रीहरूले बढी जोड दिएका छन् । सामाजिक क्षेत्रमा विकास भन्नाले सामाजिक मूल्य र मान्यतामा परिवर्तन गर्नु हो । वस्तु तथा सेवाहरूको वितरणमा समाजमा रहेका प्रत्येक समूह तथा व्यक्तिहरूलाई सन्तुष्टि प्रदान गरिनुपर्दछ । अर्थात् विकासका प्रयासले समाजमा रहेका प्रत्येक सामाजिक तत्वहरूलाई आधारभूत आवश्यकताका तत्वहरू पूर्ति गरिनुपर्दछ । विश्व बैंकको सामाजिक विकास रणनीतिले जनतालाई समावेशीकरणको माध्यमबाट सशक्तीकरण गरिनुपर्दछ भन्ने अवधारणा राखेको पाइन्छ । विकासका सन्दर्भमा सामाजिक परिवेश तथा परि दृश्यलाई बेवास्ता गरी नीति तथा आयोजना बनाउने तथा सञ्चालन गर्ने हो भने त्यसले विकासको प्रतिफल दिन सक्दैन । विकासको प्रक्रियाले समाजका प्रत्येक व्यक्ति तथा समुदायको जीवनस्तरमा परिवर्तन ल्याउन सक्नुपर्दछ न कि सीमित व्यक्ति तथा समुदायको दिगो र समतामूलक आर्थिक वृद्धिका खातिर सामाजिक विकास एक पूर्वमान्यता हो ।

क्षेत्रफलको हिसाबले नेपाल विश्वको मध्यम आकारको मुलुक मानिन्छ । यद्यपि, नेपाल विविधताले भरिपूर्ण छ । नेपालमा भौगोलिक, जातीय, भाषिक, धार्मिक तथा सांस्कृतिक विविधता स्पष्ट देख्न पाइन्छ । यसर्थ, नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक र बहुसांस्कृतिक देश हो । क्षेत्री, ब्राह्मण, मगर, थारु, तामाङ, नेवार, मुसलमान, कामी, यादव, राई, गुरुङजस्ता जनसंख्याको आकारका हिसाबले ठूला जनजातिलगायतका १४२ जातजातिका मानिसहरू यहाँ बस्छन् । यिनीहरूको मातृभाषाको रूपमा आ-आफ्नै भाषा छन् । यहाँ १० वटा धर्म मान्ने मानिसहरू बस्छन् ।

नेपालजस्तो बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक र बहुधार्मिक समाजमा समान स्वतन्त्रतामात्रको अवधारणाले कमजोर र अल्पसंख्यक समूहहरूको अधिकारलाई पर्याप्त संरक्षण गर्न सक्दैन । त्यसैले सबैको अधिकार सुनिश्चित गर्न र सामाजिक न्याय स्थापित गर्न थप समावेशी र न्यायसंगत रणनीतिहरू अपनाउनु आवश्यक छ । समान स्वतन्त्रतामात्र होइन, समावेशी समानताको अवधारणालाई प्राथमिकता दिनुपर्छ । यसले कमजोर र पिछडिएका वर्ग, समुदाय र समूहहरूलाई विशेष संरक्षण र अवसर प्रदान गरेर सामाजिक असमानतालाई कम गर्ने लक्ष्य राख्छ ।

**वितरणात्मक न्यायको सिद्धान्तले राज्यका सबै न्यायिक संस्थाहरू क्रियाशील हुनुपर्ने र मूल्य, प्रक्रिया, संगठनात्मक तत्वहरू समाजमा प्रभावकारी हुनुपर्ने मान्यता राख्छ । वितरणात्मक न्यायका मुख्य तत्वहरूलाई यसप्रकार उल्लेख गर्न सकिन्छः**

१. राजनीतिक, सामाजिक, कानुनी तथा संस्थागत मूल्य
२. मानव समानता
३. मूल्य र आधारभूत समानता
४. अवसरको समानता
५. पूर्वाग्रहको कमी
६. कानुनको शासन
७. जनताको सहभागिता र सुपरीवेक्षण

समाज तथा विद्यालयमा वितरित न्याय प्रदान गर्न प्रक्रियागत र व्यावहारिक कानुन तथा न्याय प्रणाली अवलम्बन गर्न आवश्यक हुन्छ । प्रजातान्त्रिक मूल्य र मान्यताअनुसार राज्यका संयन्त्रहरू चल्नुपर्दछ । वितरणात्मक न्यायका प्रक्रियागत तत्वहरूमा निष्पक्षता, उत्तरदायी, सूचनाको पहुँच, स्पष्टता र संरचना हुन् ।

राजनीति हुनेखाने वर्गको कब्जामा गइरहेको छ । दलित समुदायका धेरै व्यक्ति आर्थिकरूपमा कमजोर भएकाले प्रत्यक्ष चुनाव लड्न कठिन हुन्छ । साथै, समाजमा अझै पनि जातीय पूर्वाग्रह कायम रहेकाले दलित नेतृत्वलाई सहजरूपमा स्वीकार गर्ने वातावरण बनेको छैन । यही कारणले प्रत्यक्ष निर्वाचनमा दलित प्रतिनिधित्व सुनिश्चित गर्न नीतिगत तथा कानुनी सुधार आवश्यक रहेको छ । समानुपातिक प्रणालीलाई पुनरवलोकन गरी प्रत्यक्ष निर्वाचन प्रणालीभित्रै दलित र महिलाका लागि जनसंख्या अनुपातअनुसार सिट आरक्षण गर्ने विकल्पबारे बहस गर्नुपर्छ । समानुपातिक प्रणाली राम्रो उद्देश्यले आयो, तर यसको प्रयोग विकृत भयो । प्रत्यक्ष प्रणालीभित्र आरक्षण सुनिश्चित गरियो भने प्रतिनिधित्व पनि बढ्छ र जनताबाट प्रत्यक्ष निर्वाचित हुने अभ्यास पनि सुदृढ हुन्छ । संविधान संशोधनको बहस चलिरहेको सन्दर्भमा दलित समुदायका सवाल समेटिनुपर्छ । विशेषगरी जातीय विभेद र छुवाछूतको व्यावहारिक अन्त्य, संविधानको धारा ४० को प्रभावकारी कार्यान्वयन, भूमि तथा आवास अधिकार सुनिश्चित गर्ने स्पष्ट संवैधानिक र कानुनी व्यवस्था संशोधनमार्फत थप बलियो बनाउनुपर्छ ।

वर्ण व्यवस्था र जात व्यवस्थालाई संवैधानिकरूपमा खारेज गर्नुपर्छ । जातका आधारमा मान्छेलाई सानो ठूलो ठान्ने संरचना अन्त्य नगरेसम्म व्यवहारमा परिवर्तन आउँदैन । जातीय पहिचानले व्यवहारमा फरक दृष्टिकोण सिर्जना गर्ने वास्तविकता रहेको छ । जातीय विभेदले दलित समुदायमा राजनीतिक, आर्थिक, सामाजिक र शैक्षिक क्षेत्रमा बहुआयामिक असर पारेको छ । समावेशी विकास मोडेल आवश्यक रहेको छ । केवल भाषण र घोषणाले परिवर्तन हुँदैन, व्यवहारमा रूपान्तरण ल्याउने स्पष्ट योजना चाहिन्छ । संविधानमै व्यवस्था भए पनि भूमिहीनता, नागरिकता, शिक्षा, स्वास्थ्यजस्ता अधिकार कार्यान्वयनमा आएको देखिँदैन । ती विषयमा विज्ञ र समुदायसँग थप छलफल गरी स्पष्ट प्रस्ताव तयार गरिनुपर्छ । दलित समुदायको जीवनस्तरमा वास्तविक परिवर्तन ल्याउन संविधान संशोधनमार्फत संरचनात्मक सुधार अनिवार्य छ । अन्यथा, विभेद र वञ्चितीकरणको पुरानो चक्र दोहोरिरहने खतरा कायम रहन्छ ।

सामाजिकीकरण भन्नाले कुनै अभ्यासलाई समाजले सामान्य, स्वाभाविक र स्वीकार्य ठान्ने प्रक्रिया हो । अन्तरजातीय विवाहकी सन्दर्भमा यो प्रक्रिया अझै अधुरो छ । समाजले यसलाई अपवाद, लाज, समस्या वा संस्कार विरोधी कार्यका रूपमा बुझिरहेको छ । यसको मूल कारण जातीय मानसिकता हो-‘मेरो जात माथि, तिम्रो जात तल्लो’ भन्ने सोच, जुन पुस्तौंदेखि संस्कारका रूपमा हस्तान्तरण हुँदै आएको छ । यही सोचले मानिसलाई मानिस होइन, जातको प्रतिनिधि बनाउँछ । जब मानिसलाई जातको सीमामा बाँधिन्छ, तब प्रेम र वैवाहिक छनोट स्वतन्त्र हुन सक्दैन । यसर्थ, अन्तरजातीय विवाहको सामाजिकीकरणका लागि सबैभन्दा पहिले सकारात्मक सोचको पुनर्निर्माण आवश्यक छ । यो पुनर्निर्माण शिक्षा प्रणालीबाट सुरु हुनुपर्छ ।

**सामाजिक क्षेत्रमा जनजातिहरूको विकासमा देखापरेका समस्या तथा चुनौतीहरूः**

१. नेवार र थकाली बाहेकका आदिवासी/जनजातिमा गरिबी र पछौटेपन अधिक रहेको
२. जातीय असमानता र सामाजिक विभेद रहेको
३. नकारात्मक मूल्य मान्यता र कुरीति रहेको
४. शिक्षा, सीप र जनचेतनाको कमी रहेको
५. स्रोत साधन तथा सेवा सुविधामा न्यून पहुँच रहेको
६. राजनीतिक तथा प्रशासनिक संरचनामा कम प्रतिनिधित्वको अवस्था
७. साम्प्रदायिक राजनीतिः वहुभाषा, वहुधर्म, वहुजाति, वहुसंस्कृति भएको मुलुकमा विगतमा एक भाषा/एक धर्म/एक संस्कृति लाद्ने प्रयास भएको ।
८. अधिकार, संरक्षण र सचेतनाको कमी, जातीय स्वायत्तता नभएको, हिन्दूवादी कानुन हावी, नागरिक-दबाब समूहको न्यून भूमिका
९. आर्थिक उन्नति नहुनु, परम्परागत वासस्थानबाट विस्थापित, जग्गा अतिक्रमित भएको, प्राकृतिक स्रोतमाथिको हकबाट वञ्चित, स्थानीय शासनमा स्वशासनको अभाव, बेरोजगारी
१०. भाषिक तथा सांस्कृतिक सवालहरू अन्तर्गत, विविधताबीच एकताको भावना जागृत हुन नसकेको, जातीय उत्पीडन र जातीय भेदभाव, मातृभाषाको संरक्षण हुन नसकेको, सरकारी कामकाज नेपाली भाषामामात्र रहेको, परम्परागत सामाजिक संघसंस्थाको भूमिका ओलझेलमा परेको

सामाजिक विकासअन्तर्गत विभिन्न जनजातिहरूको आर्थिक तथा सामाजिक क्षेत्रहरूमा विकास गर्नका लागि आगामी सरकारले विशेष ध्यान दिनुपर्छ । व्यक्तिगत वा सामूहिकरूपमा सार्वजनिक स्थान वा समारोहबाट निष्काशन, सामाजिक बहिष्कार वा कुनै प्रकारको भेदभाव गर्ने वा त्यस्तो कार्यमा प्रतिबन्ध लगाउने वा अन्य कुनै किसिमको असहिष्णु व्यवहार प्रदर्शन गर्ने कार्यलाई रोक्नुपर्छ । कसैले कुनै पनि व्यक्तिलाई जात, जाति वंश, समुदाय वा पेसाका आधारमा सार्वजनिक सेवाको प्रयोग गर्न वा उपभोग गर्नबाट वञ्चित गर्न हुँदैन ।

कसैले कुनै पनि व्यक्तिलाई जात, जाति, वंश, समुदाय वा पेसाका आधारमा सार्वजनिक समारोह आयोजना गर्न वा सार्वजनिक रूपमा आयोजना हुने कुनै कार्य गर्नबाट वञ्चित गर्न हुँदैन । कसैले पनि जातीय छुवाछूत वा भेदभाव हुने कार्य गर्न कसैलाई भड्काउने, उक्साउने वा त्यस्तो कार्य गर्न दुरुत्साहन हुने कुनै कार्य गर्न वा त्यस्तो कुनै क्रियाकलापमा जानी जानी सहभागी हुनु हुँदैन ।

कसैले कुनै पनि व्यक्तिलाई जात, जाति वंश, समुदाय वा पेसाका आधारमा कुनै पनि पेसा वा व्यवसाय गर्न प्रतिबन्ध वा रोक लगाउने वा कुनै पनि व्यक्तिलाई कुनै पेसा वा व्यवसाय गर्न बाध्य पार्न हुँदैन । कसैले कुनै पनि व्यक्तिलाई जात, जाति, वंश, समुदाय वा पेसाका आधारमा कुनै धार्मिक कार्य गर्नबाट वञ्चित गर्न वा गराउन हुँदैन ।

सामाजिक क्षेत्रमा देखापरेका समस्याहरूमा अन्तरजातीय विवाह महत्त्वपूर्ण हुन आउँछ । हामीले अन्तरजातीय विवाहलाई प्राथमिकता दिनु आवश्यक छ । केटाकेटीलाई मन परेको व्यक्तिलाई आफ्ना आमाबाबुले सहर्ष स्वीकार गरेर विवाह गराइदिनुपर्छ । आफ्नो घरमा त्यस्तो व्यक्तिलाई आफ्नो इच्छाअनुसार सँगै नबसाए पनि ज्यानै मार्ने काम गर्न गराउन हुँदैन ।

तराई क्षेत्रमा आफ्ना छोरी, बहिनीलाई विवाह गर्नका लागि दाइजो प्रथा एउटा महत्त्वपूर्ण समस्या खडा भएको देखिन्छ । दाइजो लिने दिने व्यक्तिलाई कडा सजाय गर्ने गराउनुपर्छ । केटीको बुबा वा केटाको बुबा दुवैले आफ्नो क्षमताअनुसार लिने दिने गरेमा मधेसी समुदायमा देखापरेको समस्यालाई धेरै हदसम्म निराकरण गर्न सकिन्छ ।

हाम्रो समाजमा वृद्धवृद्धालाई कदर र सम्मान गर्ने भावनामा निकै कम हुँदै गएको पाइन्छ । तिनीहरूको योगदानलाई कदर गरेर छोरा, बुहारी, नाति, छोरी ज्वाइँहरूले आफ्नो बुबा आमालाई क्षमताअनुसार पालनपोषण गर्नु आवश्यक छ र छोरा बुहारीले आफ्नो क्षमताअनुसार वृद्धवृद्धालाई राम्रोसँग व्यवहार नगरेमा र वृद्धाश्रममा राख्न लगेमा त्यस्तो व्यक्तिलाई कडा सजाय गर्नु र गराउनु पनि आवश्यक रहन आएको छ । छोराबुहारीले आफ्नो बाबुआमालाई आफ्नो क्षमताअनुसार केही रकम सहयोगका लागि दिनु आवश्यक छ । यस्तो कार्य गर्न गराउनमा सबैले सहयोग पुर्‍याउनु आवश्यक छ । कसैले यस्तो काम नगरेमा दण्ड सजायको व्यवस्था गर्नु र गराउनु आवश्यक रहन आएको छ ।

नेपालीहरू काम गर्नका लागि आवश्यक र उपयुक्त तालिमको अभावले अदक्ष मानिन्छन् । जसका लागि सरकारले विभिन्न किसिमका तालिमहरूको व्यवस्था गरिनु अति आवश्यक भएको छ । लगानी नै नगरी प्रतिफल प्राप्त गर्न सकिने र वैदेशिक मुद्रा आर्जन गर्ने यो अत्यन्त राम्रो पेसा मानिन्छ । तर यसको गलत रूपमा प्रयोग भएको हुँदा सरकारले यसलाई बढी व्यवस्थित गराउन नराम्रो काम गर्ने व्यक्तिलाई उचित किसिमको दण्ड सजाय दिइनुपर्दछ । न्यायले स्वतन्त्रता, समानता, आत्मसम्मान र अधिकार जस्ता मौलिक मानवीय मूल्यहरूको संरक्षण गरी व्यक्तिबीच निष्पक्षता र समान व्यवहारको सुनिश्चितता गर्दछ । कर्तव्यको सिद्धान्तमा न्याय मानिसले आफ्नो भूमिकाअनुसार कर्तव्य पूरा गर्नुपर्छ भन्ने धारणा हो ।

न्याय नभएसम्म समाजमा शान्ति, स्थिरता र सहकार्य सम्भव हुँदैन । नैतिक सिद्धान्तहरूले सामाजिक संरचनामा न्यायको भूमिकालाई सुनिश्चित गर्छन् । सबै नागरिकलाई कानुनी, सामाजिक र आर्थिकरूपमा समान अवसर र अधिकार उपलब्ध गराउन सहयोग गर्ने छ । व्यक्तिका मौलिक अधिकार, स्वतन्त्रता र सम्मानको रक्षा गर्दछ । उत्पीडन, विभेद, दमन र अन्यायकोविरुद्धमा कानुनी र सामाजिक सुरक्षा प्रदान गर्दछ । सामाजिक विवाद समाधान गरी समाजमा शान्ति र सहअस्तित्व सुनिश्चित गर्दछ । कानुनको शासनलाई बलियो बनाउँदै सरकार र प्रशासनलाई उत्तरदायी र पारदर्शी बनाउँछ ।

सहभागितामूलक शासन व्यवस्थाको अवलम्बन गरेर, शासकीय प्रणालीमा सामाजिकीकरणको नीतिलाई कार्यान्वयन गरेर, राज्यका पिछडिएका वर्ग, समूह, क्षेत्र, सम्प्रदाय, जात, जाति आदिलाई विकासको प्रत्येक क्रियाकलापमा मूलप्रवाहीकरण गरेर, राज्यका सबै नागरिकलाई शिक्षा, स्वास्थ्य, पेसा, व्यवसाय र रोजगारीको समान र पहुँचयोग्य अवसर प्रदान गरेर, मौलिक हक र अधिकारको सुनिश्चितता र उपयोगको प्रत्याभूति दिलाएर आदि ।

अन्त्यमा, करिब दुईतिहाइ बहुमतप्राप्त सरकारले जसरी आगामी पाँच वर्ष सरकार चलाउने स्पष्ट म्याण्डेट पाएको छ, यो अवसरलाई कुनै पनि बहानामा खेर फाल्नु हुँदैन । आगामी पाँच वर्ष देशको आर्थिक विकाससँगै सामाजिक रूपान्तरणमा उपलब्धिमूलक बनाउनुपर्छ । विकास र सामाजिक रूपान्तरणको नाममा मौलिकता र परम्परागत संरचनाहरूको संरक्षण, प्रवर्द्धन र पुस्तान्तरणमा जोड दिइयोस् ।

## पाठक मञ्च

# बालेन र रास्वपामाथि जनताको भरोसा

काठमाडौंको मेयर हुँदा आफ्नो कार्यकक्षमा ‘चुच्चे नक्सा’ राखेर र सामाजिक सञ्जालमार्फत छिमेकी मुलुकले कब्जा गरेका नेपाली भूभाग (कालापानी, लिपुलेक, लिम्पियाधुरा आदि) फिर्ता ल्याउनुपर्ने अडान राखेर बालेन्द्र शाह ‘बालेन’ले चर्चा कमाएका थिए । अब प्रधानमन्त्रीको कुर्सीमा पुगेपछि ती भूभाग फिर्ता ल्याउन र विश्वस्तरमा चुच्चे नक्सा कार्यान्वयन गराउन उनले कस्तो कूटनीतिक साहस देखाउँछन् भन्नेमा जनताको ठूलो चासो छ ।

काठमाडौंमा अतिक्रमित जग्गा फिर्ता ल्याएर वाहवाही बटुलेका बालेनका सामु अब देशभरिका लाखौं रोपनी सरकारी, गुठी, र वन क्षेत्रको जग्गा फिर्ता ल्याउने चुनौती छ । २०२१ सालदेखि नै भूमाफिया, नेता र कर्मचारीको मिलेमतोमा हडपिएका जग्गाहरू खोजतलास गरी राज्यको स्वामित्वमा ल्याउनु उनको मुख्य परीक्षा हुने छ । ललिता निवास, गिरिबन्धु टि-स्टेट, भृकुटी कागज कारखानाजस्ता काण्डहरूमा राज्यको सम्पत्ति दोहन भएको र न्यायालयबाटै त्रुटिपूर्ण फैसला भएको छ । ती निर्णयहरू पुनरवलोकन हुनुपर्छ ।

जनताले बालेन र रास्वपामाथि ठूलो भरोसा गरेका छन् । यदि बालेनले पुराना नेताहरू जस्तै ‘मुख फेरे’ र यी गम्भीर मुद्दामा मौन बसे भने उनी पनि असफल हुने छन् र जनताले बहिष्कार गर्ने छन् । देशभरिका तालतलैया, पोखरी र राजकुलो जस्ता सार्वजनिक सम्पत्ति जोगाउनु अब उनको काँधमा आएको ऐतिहासिक जिम्मेवारी हो ।

२०२१ सालको भूमि ऐनपछि नापी र मालपोतका कर्मचारीलाई घुस खुवाएर सरकारी जग्गा आफ्नो नाममा दर्ता गर्ने ‘बाठाटाठाहरू’को जमात अझै सक्रिय छ । सरकारी ढुकुटीबाट तलब खाने तर राज्यकै सम्पत्ति सिध्याउन सहयोग गर्ने कर्मचारीहरूमाथि बालेनले कस्तो कारबाही गर्छन् भन्नेमा पनि जनताको ध्यान केन्द्रित छ ।

बालेनले काठमाडौंको मेयर हुँदा देखाएको ‘छवि’ र रास्वपामाथि जनताले गरेको ‘भरोसा’ अब व्यवहारमा देखिनुपर्ने बेला आएको छ । यदि बालेनले पनि पूर्ववर्ती नेताहरूले जस्तै पद र शक्तिको लोभमा सम्झौता गरे भने, उनीमाथि जनताको आक्रोश झनै डरलाग्दो हुने छ । उनको सफलताले नेपालको राजनीतिमा ‘नयाँ युग’को सुरुआत गर्ने छ भने असफलताले जनतामा निराशामात्र होइन, व्यवस्थाप्रतिकै वितृष्णा बढाउने निश्चित छ ।

- **आकाश मगर**, मन्थली, रामेछाप



**चैते छठ** | **चैते छठ पूजाका लागि जनकपुरधामस्थित गंगासागर घाटमा मंगलबार साँझ अस्ताउँदो सूर्यलाई अर्घ्य दिन सहभागी भक्तजन ।**

*तस्विरः रासस*

# वन डढेलो र सुक्खापन रोकथामका लागि वनमा पोखरी



**म्याग्दी–** वन डढेलो नियन्त्रण, सुक्खापन रोकथाम, मानव र वन्यजन्तुबीचको द्वन्द्व न्यूनीकरणका म्याग्दीका सामुदायिक वनमा पोखरी निर्माण थालिएको छ । यहाँस्थित डिभिजन वन कार्यालयको सहयोगमा सामुदायिक वन उपभोक्ता समूहद्वारा यस वर्ष छ वटा पोखरी निर्माण गर्न थालिएको हो ।

पानी र आहराका लागि मानवबस्तीमा आउने वन्यजन्तुलाई वनमै रोक्न, पोखरीमा पानी भरेर चिस्यान कायम राख्न र डढेलो निभाउनका लागि आवश्यक पर्ने पानी संकलन गर्न पोखरी बनाउन लागिएको डिभिजन वन कार्यालयका प्रमुख वसन्त केशव अधिकारीले जानकारी दिए ।

'पानी र आहाराको खोजीमा वन्यजन्तु मानव बस्तीमा नआउन् भनेर जंगलमा पोखरी बनाउने कार्यक्रम सुरु गरेका थियौं । उक्त कार्यक्रम प्रभावकारी बनेपछि पछिल्लो चार वर्षयता निरन्तरता दिएका छौं,' उनले भने, 'वनमा पानी र आहारा भएपछि वन्यजन्तु मानव बस्तीमा नआउने र द्वन्द्व व्यवस्थापनमा सहयोग पुगेको छ ।' पोखरीमा पानी संकलन हुँदा जमिनमा रिचार्ज हुने र डढेलो लागेको अवस्थामा निभाउन आवश्यक पर्ने पानी व्यवस्थापन गर्न सजिलो हुने गरेको डिभिजनल वन अधिकृत अधिकारीले बताए ।

बेनी नगरपालिका-५ को चिप्लरी सिमपाखो, मंगला गाउँपालिका-१ कुहुँको पाल्लेपानी, धवलागिरि गाउँपालिका-३ मुनाको दहपातल, रघुगंगा गाउँपालिका-६ को ठाडाखानी, मालिका गाउँपालिका-६ को सानो धैरेनी उपल्लोतला र अन्नपूर्ण गाउँपालिका-७ को घराम्दी सामुदायिक वन पोखरी बनाउन छनोट भएका छन् ।

करिब ६१.७५ वर्गमिटर क्षेत्रफलमा निर्माण भएका पोखरीमा ६१ हजार लिटर पानी संकलन गर्न सकिने छ । प्रतिपोखरी निर्माणका लागि कार्यालयले समूहलाई एक लाख रूपैयाँ अनुदान सहयोग गरेको छ । यसअघि आव २०७८/७९ मा १०, २०७९/८० मा छ, २०८०/८१ मा १० र २०८१/८२ मा पाँच गरी ३१ वटा पोखरी निर्माण भइसकेका छन् । जिल्लामा पछिल्लो समय रतुवा, मृग, बाँदर, चितुवालगायत वन्यजन्तु नजिकको मानवबस्तीमा आएर क्षति पुऱ्याउन थालेका छन् । यसरी बस्तीमा पस्ने वन्यजन्तुले मानिस र घरपालुवा जनावरलाई आक्रमण गर्दछन् । *रासस*

# मुसहर बस्तीमा न व्यवस्थित घर, न शौचालय

**सिरहा-** नेपाल खुला दिसामुक्त घोषणा भएको साढे छ वर्ष बितिसक्दा पनि सिरहाको लहान नगरपालिकाका मुसहर बस्तीमा स्वच्छताको अवस्था अझै दयनीय छ । हावाहुरी, घामपानी र बर्सातको समयमा टाउको लुकाउने सुरक्षित घर नहुँदा सास्ती खेपिरहेका मुसहर समुदायका लागि शौचालय त झनै सपनाजस्तै बनेको छ ।

लहान नगरपालिका-१३ की भुटनीदेवी सदायले आफ्नो पीडा पोख्दै भनिन्, 'बस्ने घरकै टुंगो छैन, शौचालय कहाँ बनाउनु ? वर्षौंअघि सरकारले दिएको रिङ त छ, तर जग्गा नभएकै कारण अहिलेसम्म शौचालय ठड्याउन सकेका छैनौं ।'

भुटनीदेवीजस्तै वडा नं. १, २, ५, ९, १२ र २४ का मुसहर परिवारहरू अहिले पनि खुला स्थानमा शौच गर्न बाध्य छन् । सुरक्षित आवास र आफ्नै स्वामित्वको जग्गा नहुँदा मुसहर समुदायमा शौचालय निर्माण र प्रयोग चुनौतीपूर्ण बन्दै गएको छ । नगरपालिका र 'वाटरएड' संस्थाले हालै गरेको सर्वेक्षण अनुसार लहानका २४ हजार ७०० घरपरिवारमध्ये १७ प्रतिशत अर्थात् चार हजार २१० घरमा अझै शौचालय छैन । अधिकांश दलित र भूमिहीन बस्तीमा जग्गा अभाव र चेतनाको कमीले गर्दा शौचालयको पहुँच पुग्न नसकेको पाइएको छ ।

लहानमा करिब ३० हजार दलित जनसंख्यामध्ये आठ हजार मुसहर समुदायका छन् । ९९ प्रतिशत मुसहर भूमिहीन भएकाले उनीहरूका लागि आवास र स्वच्छता दुवै गम्भीर समस्या बनेको 'विकन परियोजना'का निर्देशक कविन्द्र पुडासैनीले बताए ।

समाजसेवी शंकरप्रसाद गुप्ताका अनुसार केवल गैरसरकारी संस्थाका कार्यक्रमले मात्र यो समस्या समाधान हुँदैन । उनका अनुसार यसका लागि स्थानीय स्वास्थ्यकर्मी, शिक्षक र नागरिक अगुवाको सक्रिय निगरानी समूह बनाएर समुदायमा निरन्तर शिक्षा र चेतना दिनु आवश्यक छ ।

लहानका नगरप्रमुख महेशप्रसाद चौधरीले २०१७ मै खुला दिसामुक्त घोषणा भएको नगरमा अझै यति ठूलो संख्यामा शौचालयविहीन हुनु चिन्ताजनक रहेको स्वीकार गरे । उनले भने, 'यो स्वच्छताको चुनौती गम्भीर छ । अब हामी घर-घर पुगेर वास्तविक अवस्था परिवर्तन गर्ने तयारीमा छौं । भूमिहीन सुकुम्वासीका लागि उपयुक्त स्थान पहिचान गरी स्थानान्तरण प्रक्रियासमेत अघि बढाइने छ ।'

नगरपालिकाले अहिले 'विकन परियोजना'सँग मिलेर ती चार हजार २१० घरधुरीमा शौचालय निर्माण गर्ने अभियान सुरु गरेको छ । यसका लागि जनप्रतिनिधि, सामाजिक परिचालक र युवा समूहको सहकार्यमा तीन महिनासम्म घरघरमै पुगेर प्रत्यक्ष अनुगमन र चेतना अभिवृद्धि गरिने नगरपालिकाले जनाएको छ । *रासस*

# इलाममा रेडपाण्डा महोत्सवको तयारी

**काठमाडौं (प्रस)–** इलाममा चैत २० देखि २३ गतेसम्म तेस्रो रेडपाण्डा महोत्सव हुने भएको छ । दुर्लभ वन्यजन्तु रेडपाण्डाको संरक्षण र पर्यटन प्रवर्द्धनको उद्देश्यले महोत्सव आयोजना गर्न लागिएको हो ।

सोमबार काठमाडौंमा पत्रकार भेटघाटमा महोत्सव आयोजक समितिका संयोजक सनम राईले 'रेडपाण्डा ट्रेल'मा आधारित पदमार्ग पर्यटनलाई केन्द्रमा राखेर महोत्सव आयोजना गर्न लागिएको बताए । करिब ४० किलोमिटर लामो उक्त पदमार्गले माईपोखरीदेखि जौबारीसम्मका विभिन्न पर्यटकीयस्थललाई जोड्छ । यस मार्गमा रेडपाण्डासहित विभिन्न प्रजातिका चरा, वन्यजन्तु, जैविक विविधताको अध्ययन अवलोकन गर्न सकिन्छ । सन्दकपुर गाउँपालिका-४ कालपोखरीमा महोत्सव आयोजना हुने छ ।

आयोजकका अनुसार रेडपाण्डा पदयात्राको अनुभव, जंगल सफारी, चराहरूको दृश्यावलोकन महोत्सवका मुख्य आकर्षण रहनेछन् । यस्तै, यहाँका १८ प्रजातिको गुराँसको अध्ययनका साथै आदिवासी जनजातिको संस्कृतिसमेत नियाल्न पाइने छ । विश्वको अग्लो सगरमाथासहित ६० भन्दा बढी हिमशृंखला, सयौं प्रजातिका चराको अवलोकन गर्न सकिने संयोजक राईले बताए । महोत्सवमा आन्तरिक र बाह्य १० हजार पर्यटक सन्दकपुर भित्र्याउने आयोजकको लक्ष्य छ ।

महोत्सव आयोजक सन्दकपुर गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत दिलकुमार लिम्बूले यस महोत्सवले पालिकाका प्रमुख गन्तव्यहरूकोसमेत प्रवर्द्धनमा टेवा पुग्ने विश्वास व्यक्त गरे । यसअघि २०८० चैत २७ देखि वैशाख १ गतेसम्म पहिलो र २०८१ चैत २० देखि २३ गतेसम्म दोस्रो रेडपाण्डा महोत्सव आयोजना गरिएको थियो । रेडपाण्डाको माध्यमबाट पूर्वी नेपालको वनजंगल पर्यटनलाई चलायमान बनाउने उद्देश्य रहेको जनाइएको छ ।

झापाको चारआलीबाट ७५ किलोमिटरको दूरीमा इलाम बजार र त्यहाँबाट १८ किलोमिटर यात्रा गरेपछि सन्दकपुर गाउँपालिकाको रामसार क्षेत्र पुग्न सकिन्छ । त्यहाँको पर्यटन सूचना केन्द्रको सहयोगमा यहाँका पर्यटकीय गन्तव्यको यात्रा गर्न सकिन्छ ।

# बजेट अभावमा विद्यालय भवन निर्माण अधुरो



**पर्वत-** यहाँको विहादी गाउँपालिकाको एक आधारभूत विद्यालयको भवन निर्माण विगत तीन वर्षदेखि अधुरो बनेको छ । विहादी गाउँपालिका-४ वहाकीको लिम्सिङस्थित रम्बादेवी माता आधारभूत विद्यालयको निर्माणाधीन आठ कोठे पक्की भवन आर्थिक अभावमा अधुरो बनेको हो ।

राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमअन्तर्गत शिक्षा मन्त्रालयबाट विनियोजित ३६ लाख बजेटमा निर्माण थालिएको थियो । थप बजेट व्यवस्थापन हुन नसक्दा भवन निर्माण स्थगित भएको हो ।

भवन सम्पन्न नहुँदा विद्यार्थी कष्टकर अवस्थामा अध्ययन गर्न बाध्य छन् । चार कक्षासम्म पढाइ हुने विद्यालयमा हाल १९ जना विद्यार्थी रहेको प्रधानाध्यापक शिवानी पुनले जानकारी दिए । विद्यार्थीलाई भवनको भूइँ तलाको टिनले बारिएको कोठामा पढाउँदै आएको उनले बताए ।

साना बालबालिकालाई टिनले बेरेको कोठामा राख्दा हावाहुरी आउँदा कतै टिन उडाएर घाइते बनाउँछ कि भन्ने चिन्ताले अभिभावक र शिक्षकलाई सताउने गरेको प्रधानाध्यापक पुनले गुनासो गरे । *रासस*

# झापामा 'बर्ड फ्लु' प्रकोपः पक्षीजन्य वस्तु ओसारपसारमा रोक

**झापा–** यहाँका दमक नगरपालिका र झापा गाउँपालिकामा व्यावसायिकरूपमा पालिएका कुखुरामा 'बर्ड फ्लु' देखापरेपछि जिल्ला प्रशासन कार्यालयले उच्च सतर्कता अपनाउन सार्वजनिक सूचना जारी गरेको छ ।

प्रशासनले मंगलबार एक सूचना जारी गर्दै रोग पुष्टि भएको क्षेत्रलाई केन्द्रबिन्दु मानी चारै दिशामा संकटग्रस्त क्षेत्र घोषणा गरेर नियन्त्रणका काम अघि बढाएको जनाएको छ । निमित्त प्रमुख जिल्ला अधिकारी तेजप्रसाद प्रसाईंद्वारा जारी सूचनामा संक्रमण थप फैलिन नदिन प्रभावित स्थानीय तहहरूबाट पक्षी, अण्डा, दाना र अन्य पक्षीजन्य सामग्री अन्यत्र लैजान पूर्णरूपमा रोक लगाइएको उल्लेख छ ।

भेटेरिनरी अस्पताल झापाकी प्रमुख शीतल भट्टराईका अनुसार दमक नगरपालिका-१० स्थित एग्रिकल्चर फार्ममा पालिएका लेयर्स कुखुरामा 'हाइप्याथोजेनिक' बर्ड फ्लु पुष्टि भएको छ । संक्रमण देखिएलगत्तै उक्त फार्मका सबै कुखुराहरू सोमबार नै नष्ट गरिसकिएको उनले बताइन् ।

दमक, झापा गाउँपालिकामात्र नभई जिल्लाका मेचीनगर र अर्जुनधारा नगरपालिकालगायतका क्षेत्रबाट पनि कुखुरा मरिरहेको सूचना प्राप्त भएकाले जोखिम बढेको अनुमान गरिएको छ । प्रमुख भट्टराईले किसानले ल्याएका नमूनाका प्रारम्भिक 'र्‍यापिड टेस्ट' गर्दा 'रिपोर्ट पोजेटिभ' देखिएको र थप प्राविधिक पुष्टिका लागि केन्द्रीय प्रयोगशालामा पठाएर पिसिआर परीक्षण प्रक्रिया अघि बढाइएको जानकारी दिइन् । झापासँगै छिमेकी जिल्ला मोरङ र सुनसरीमासमेत यो रोग फैलिएकाले झापा बर्ड फ्लुको उच्च जोखिममा रहेको उनले बताइन् । *रासस*


**Dewanganj Rural Municipality**

## Office Of Rural Municipal Executive

**Dewanganj, Sunsari**

**Koshi Province, Nepal.**

## Invitation of Electronic Bids

**Date of publication: 25-03-2026 (11-12-2082)**

1. Dewanganj Rural Municipality invites electronic bids from Nepalese eligible bidders for the Construction work mentioned in the BOQ., under National Competitive Bidding procedures ( Single stage Single/Double Envelope )

| S.N. | Description of works | Estimated amount (Excl.Vat & Contingencies;Incl. Prov.Sum) | Bid Security Amount (NRs) | Non-refundable fee for Bidding Document(NRs) | Last date of bid submission |
|---|---|---|---|---|---|
| 1. | Dewanganj Gaupalika-02 illaka Prahari Karyalay Dewanganj dekhi pashchim mariya kholako chheuma raheko aaryaghat nirman karya (DRM/BUILDING/C/NCB/09/2082-083) | 39,15,414.80 | 98,000.00 | 3000.00 | 2026-04-24 |

2. Eligible Bidder may obtain further information about Bidding Documents from the PPMO e-GP system www.bolpatra. gov. np/epp, shall submit a written application along with a copy of the company/firm registration certificate, and upon payment of a non-refundable fee during office hours or online in the following Bank.
   - Name of the Bank: NIC Asia Bank Ltd, Inaruwa Branch(Inaruwa Municipality-02,Sunsari)
   - Name of Office: Dewanganj Rural Municipality Office
   - Internal Revenue (Rajaswa) Account no.:2432050026455007(For purchasing Bid Documents Only)
   - Security Deposit (Dharauti) Account Number:243CA50021917002 (For Bid Security Only)
3. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, which shall be valid for 30 days beyond the validity period of the bid.
4. If the last date of purchasing and/or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such a case, the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
5. Please read, understand, and agree to all the conditions mentioned in the document and submit the bid. Otherwise, the decision of the office will be the final decision.
6. In cases other than those mentioned above, the purchase will be in accordance with prevailing laws.

**Chief Administrative Officer**

# प्रभाव दैनिक

बुधबार, ११ चैत २०८२ (Wednesday, 25 March 2026)


## रूपशाला

### 'तेल भिसा'का निर्माता कार्की पक्राउ



फिल्म 'तेल भिसा'का निर्माता शिवराज कार्की पक्राउ परेका छन् । काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालयले ठगीको आरोपमा उनलाई पक्राउ गरेको हो । कार्कीलाई मंगलबार काठमाडौँको स्वयम्भू क्षेत्रबाट पक्राउ गरेको प्रहरीले जनाएको छ । अमेरिका लगिदिन्छु भन्दै केही व्यक्तिसँग पैसा उठाएको उजुरीपछि कार्कीलाई प्रहरीले पक्राउ गरेको हो । यसअघि अमेरिका लैजान्छु भनेर ठगी गरेको आरोपमा 'तेल भिसा' निर्माता तथा निर्देशक शंकर घिमिरे र उनकी श्रीमती ऋचा घिमिरेविरूद्ध ०८१ कात्तिक अन्तिममा उजुरी परेको थियो । फिल्म 'तेल भिसा' ०८१ मंसिर ७ गतेबाट प्रदर्शनमा आएको थियो । फिल्मले अमेरिका बस्दै आएका नेपाली समुदायको कथा उठाएको थियो ।

# 'आ बाट आमा २'मा विपना र पल अनुबन्धित



■ प्रभाव संवाददाता

**काठमाडौं–** फिल्म 'आ बाट आमा २'को मुख्य कलाकारमा अभिनेता पल शाह र अभिनेत्री विपना थापा अनुवन्धित भएका छन् । सोमबार फिल्मका निर्देशक चन्द्र पन्तले दुवै कलाकार फिल्मका लागि अनुबन्ध गरेका हुन् ।

हलमा चलिरहेको फिल्म 'आ बाट आमा'मा विपना थापा आमाको भुमिका रहेकी छिन् भने पल छोराको । सोही कथालाई निरन्तरता र केहि फरकपन सहित निर्माण पक्षले विपना र पललाई अनुबन्ध गरेको जानकारी दिएको हो । अघिल्लो फिल्मका अभिनेत्रीद्वय उषा उप्रेती, सिम्रन पन्तलाई निर्माण पक्षले निरन्तरता दिने बारे केहि खुलाएको छैन । यस बारेमा निर्देशक पन्तले विस्तारै खुलाउँदै लैजाने बताए ।

उनका अनुसार यो फिल्म आगामी नयाँ वर्ष अर्थात बैशाखबाट छायांकनमा जाने छ । साथै निर्माण पक्षले फिल्मलाई आउँदो वर्षकै दशैंमा रिलिज गर्ने तयारीमा छ । निर्देशक चन्द्र पन्तले बैशाखमा फिल्मको छायांकन गरेर दशैंका लागि प्रदर्शनका लागि तयार पार्ने बताए । उनले भने, 'अहिले फिल्मका लागि दुई जना कलाकारलाई अनुबन्ध गरेका छौं । अन्य कुरा बिस्तारै जानकारी दिदै लैजानेछौं ।'

# चलचित्र पत्रकारिता विस्तारित हुँदै

■ प्रभाव संवाददाता

**काठमाडौं–** चलचित्र पत्रकार संघले चलचित्र र कला-संस्कृतिका गतिविधिलाई राष्ट्रियस्तरमा स्थापित गर्न विभिन्न प्रदेश तथा जिल्ला शाखामा अधिवेशन गरी संगठन विस्तार गरेको छ ।

चलचित्र उद्योगलाई सञ्चार क्षेत्रबाट सहयोग गर्दै आएको संघले मुलुकुका १५ जिल्ला शाखा र विदेशमा आठ शाखा विस्तार गरेको केन्द्रीय अध्यक्ष समिर बलामीले जानकारी दिए । उनका अनुसार आफ्ना गतिविधि केवल चलचित्र पत्रकारितामा मात्र सीमित नभई कला, साहित्य, गीत-संगीत, रंगमञ्च, मनोरञ्जन र अन्य सांगीतिक कार्यक्रममा सक्रिय तुल्याउन शाखा विस्तार गरिएको बताए ।



संघले आफ्नो १०औं केन्द्रीय महाधिवेशन आगामी वैशाख ५ गतेभित्र गर्ने गरी शाखा अधिवेशन गरेको जनाएको छ ।

संघको शाखा अधिवेशनबाट संघको कोशी प्रदेशमा अध्यक्ष वीरेन्द्र शाह तथा कास्कीमा सन्तोष बस्याल, पर्सामा सूर्यनारायण विक, सुनसरीमा सुवास संकल्प श्रेष्ठ, मकवानपुरमा कपिल खड्का र मोरङमा प्रेम देवान अध्यक्ष पदमा निर्विरोध चयन भएका छन् । यस्तै चितवनमा गोविन्द अर्याल, इलाममा अतित योङहाङ, रूपन्देहीमा कृष्ण भण्डारी, कैलालीमा विवेक नगारी, झापामा एकराज प्रधान, सुर्खेतमा रमेशकुमार पाण्डे, बाँकेमा रामचन्द्र पौडेल र दाङमा निरला अर्याल अध्यक्षमा चयन भएका छन् ।

संघले आफ्ना सदस्यका लागि दक्षता अभिवृद्धि कार्यक्रम, अन्तरक्रिया, कार्यशाला, राष्ट्रिय भेला, स्थापना दिवस, राष्ट्रिय कार्यशाला, कल्याणकारी कोष सञ्चालन, बिरामी सदस्यलाई सहयोग प्रदान लगायत कार्य गर्दैआएको छ ।

# 'हामी तीन भाइ'लाई युनिभर्सल सर्टिफिकेट

**काठमाडौं (प्रस)–** चैत १३ गतेबाट प्रदर्शनमा आउन लागेको फिल्म'हामी तीन भाइ'ले युनिभर्सल सर्टिफिकेट पाएको छ । चलचित्र केन्द्रिय जाँचपास समिति (सेन्सर बोर्ड)ले सबै फिल्मलाइ युनिभर्सल सर्टिफिकेट दिएको हो । निर्माण पक्षका अनुसार फिल्मलाई बोर्डले सबै उमेरका दर्शकले हेर्न पाउने भएका छन् ।

फिल्मका निर्देशक मधुसुदन भट्टराईले फिल्मको सेन्सर पास भएको जानकारी दिए । उनले भने,'फिल्मको सेन्सर पास भइसकेको छ । फिल्मले युनिभर्सल सर्टिफिकेट पाएकाले सबै उमेरका दर्शकले फिल्म हेर्न पाउनुहुने छ ।' यो फिल्म निर्माण थालेसँगै चर्चामा रहेको थियो । अहिले रिलिज मिति नजिकिदै गर्दा निर्माण पक्षले थप प्रचारलाई तिव्रता दिएका छन् ।




प्रसिद्धि सिने आर्ट्स प्रालिको ब्यानरमा निर्माण भएको फिल्मलाई त्रिरन्त श्रेष्ठ र मनोज श्रेष्ठले निर्माण गरेका हुन् । कमेडी तथा सामाजिक कथामा आधारित फिल्ममा विनोद न्यौपाने, लक्ष्मी वर्देवा, कुशल बिष्ट, आश्मा गिरी, जाहन्वी बस्नेत, फलित राई, राजाराम पौडेल, रविन्द्र झा, बिष्णु सापकोटा (हर्के हल्दार), विकास चापागाइँ शुष्मा निरौला, यादव देवकोटा (सरापे), अन्जु हमाल, तारा शर्मा, पवन केसी, रमा बिष्ट, विरेन श्रेष्ठ, शुष्मा जिम्बा, खिन्न बहादुर भण्डारी (भोले), गोविन्द प्रसाद पौडेल, भुमिका गिरी, टेकराज पौडेल, अमृतमान महर्जन लगायतले अभिनय गरेका छन् ।

विक्रम तामाङ कार्यकारी निर्माता रहेको यस फिल्ममा सह-निर्माता भक्तलाल श्रेष्ठ, प्रतिमा थापा पोखरेल, दुर्गालक्ष्मी पाण्डे विशेष सहयोगी शम्भु कुमार केसी रहेका छन् ।

साजित महत प्रस्तुतकर्ता रहेको यस फिल्मको पटकथा तथा सम्वाद शिवम् अधिकारीले लेखेका हुन् । फिल्मलाई शिव ढकालले खिचेको हुन् भने यस फिल्मको सम्पादन बनिश शाहले गरेका छन् । साथै फिल्मको गीतका संगीतमा साप शक्ति, बाबुल गिरी रहेका छन् । नृत्य निर्देशन कमल राई, इन्द्र देव महर्जन पार्श्व संगीतमा सम्राट थापा, ध्वनी मिश्रणमा मुकेश शाह, रंग संयोजक रेनिश फागोको छ ।

फिल्मको मुख्य सहायक निर्देशक रामजी राउत र ज्ञानकुमार कट्टेलले गरेका छन् । फिल्ममा पार्श्वसंगीत सम्राट थापाको छ भने द्वन्द्व निर्देशन देव महर्जनले गरेका छन् । ग्राफिक्स एक्स समिर मिया, कला निर्देशक दिनेश लामा 'गैंडा', निर्माण नियन्त्रक सन्देश राई (भान्जा)ले गरेका छन् भने पोस्ट प्रोडक्सनको काम मोसन स्टूडियोले गरेको हो ।

## रंगशाला

साफ यू-२० च्याम्पियनसिप

# नेपाल र श्रीलंका आज भिड्दै



**काठमाडौं (प्रस)–** माल्दिभ्समा जारी साफ यु-२० च्याम्पियनसिपको दोस्रो खेलमा नेपाल आज (बधुबार) श्रीलंकासँग भिड्दैछ । उद्घाटन खेलमा भुटानविरुद्ध २–१ गोलअन्तरले विजयी हुँदै नेपालले विजयी सुरुवात गरेको थियो ।

प्रतियोगिताअन्तर्गत बंगलादेशले विजयी सुरुआत गरेको छ । मंगलबार मालेस्थित राष्ट्रिय फुटबल रंगशालामा फरवार्ड रोनान बेन्जामिन सुलेभान चम्किँदा बंगलादेशले समूह 'बी'मा पाकिस्तानविरुद्ध २-० को जित हासिल गर्‍यो । दुबै गोल अमेरिकामा जन्मिएका बंगलादेशी नागरिक रोनानले गरेका थिए ।

खेलको ५४औं मिनेटमा रोनानले करिब २५ यार्ड परबाट सानदार फ्रिकिक गोल गरे । ६७औं मिनेटमा पेनाल्टी बक्समा कुनै पनि निगरानीमा नरहेका रोनानले सहज हेडरमार्फत अग्रतालाई दोब्बर बनाए ।

अब बंगलादेशले मार्च २८ मा भारतसँग खेल्नेछ । त्यसअघि पाकिस्तानले आफ्नो दोस्रो खेलमा मार्च २६ मा भारतसँग खेल्ने तालिका छ । नेपालले आज (बुधबार) श्रीलंकासँग खेल्दैछ । नेपालले उद्घाटन खेलमा भुटानलाई २-१ ले पराजित गरेको थियो ।


नेपाल सरकार

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

नेपाल पर्वतीय प्रशिक्षण प्रतिष्ठान

विजुलीबजार, काठमाडौं ।

**सिलबन्दी बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

सूचना प्रकाशित मिति २०८२।१२।११

यस प्रतिष्ठानको मिति २०८२।११।१८ गतेको प्रभाव दैनिकमा प्रकाशित सूचना अनुसार रितपूर्वक पर्न आएका सिलबन्दी बोलपत्रहरुको मूल्यांकनबाट निम्न बोलपत्रदाताको बोलपत्र स्वीकृतिका लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ र ३ को प्रयोजनार्थ यो सूचना प्रकाशन गरिएको छ ।

| ठेक्का नं. | कामको विवरण | छनोट भएको दरभाउ पत्रदाताको नाम र ठेगाना | कबोल अंक रु (मुअ.कर सहित) |
|---|---|---|---|
| NPP-NCB-02/082/083 | BMS 269: Field Study/ Reearch V [Mountain Climbing 6000 m with a Research Report] & MATS 801: Field Visit | मेरा अल्पाइन ट्रेक्स एण्ड एक्सपिडिसन्स प्रा.लि, बुढानिलकण्ठ नगरपालिका वर्डा नं.११ कपन काठमाडौं । | १८,६०,४८८।५० |

(कार्यकारी निर्देशक)


# गण्डकीमाथि बागमती प्रदेशको शानदार जित

**काठमाडौं (प्रस)–** प्रधानमन्त्री कप क्रिकेट प्रतियोगिताअन्तर्गत मंगलबार भएको खेलमा बागमती प्रदेशले गण्डकी प्रदेशलाई १७० रनको फराकिलो अन्तरले पराजित गरेको छ । मुलपानीस्थित तल्लो क्रिकेट मैदानमा भएको खेलमा बागमतीले निर्धारित ५० ओभरमा ८ विकेट गुमाएर २९४ रनको विशाल योगफल बनाएको थियो । २९५ रनको लक्ष्य पछ्याएको गण्डकी प्रदेशको सुरुआत कमजोर रह्यो ।

गण्डकी ३१.५ ओभरमा मात्र १२४ रनमा अलआउट भयो । उसका लागि अर्जुन कुमालले सर्वाधिक ७४ रन बनाए पनि अन्य ब्याट्सम्यानले उल्लेखनीय साथ दिन सकेनन् । बलिङतर्फ बागमतीका रिजन ढकालले ३ विकेट लिए । त्यस्तै सन्दीप लामिछाने र ईशान पाण्डेले समान २-२ विकेट लिँदा दयानन्द मण्डल र सुबास खत्रीले समान १-१ विकेट लिए ।

त्यसअघि टस हारेर पहिला ब्याटिङको निम्तो पाएको बागमतीको लागि ईशान पाण्डे उत्कृष्ट प्रदर्शन गर्दै ६१ बलमा सर्वाधिक ७१ रन जोडे । त्यस्तै अशुतोष घिरैयाले ५९ रनको योगदान दिए । शुभ कंसाकारले ४४ रन बनाए । कप्तान सन्दीप लामिछाने २६ रनमा अविजित रहे ।


उदयपुरगढी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

उदयपुरगढी, उदयपुर

कोशी प्रदेश, नेपाल

**शिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धी सूचना**

प्रकाशित मिति: २०८२/१२/११ गते

यस उदयपुरगढी गाउँपालिकाको आ.व. 2082/083 को लागि स्वीकृत कार्यक्रमबाट तपसिल बमोजिमको निर्माण कार्यहरु गर्नुपर्ने भएकोले इजाजत प्राप्त फर्म/कम्पनीहरूबाट उल्लेखित शर्तहरूको अधिनमा रहि रीतपूर्वक विद्युतीय खरिद प्रकृया (E-Bid) मार्फत शिलबन्दीमा सहभागी हुन सूचना प्रकाशित गरिएको छ ।

| क्र. स. | ठेक्का नं. | कामको विवरण | लागत अनुमान रकम (VAT/PS सहित) रू. | बोलपत्र जमानत रकम रू. | बोलपत्र फाराम खरिद रकम रू. | बोलपत्र बुझाउने अन्तिम मिति | बोलपत्र खुल्ने मिति | रकम जम्मा सम्बन्धि विवरण |
|---|---|---|---|---|---|---|---|---|
| १ | URM/SQ/ Works/ 04-2082/83 | Sworge Nagbele Lahan Sadak Staronnati Ward No.6(Ch 0+000 to 6+000 km) | १६८९७२५.३०/- | ३८०००/- | १०००/- | २०८२/१२/२६ समय:- १२:०० बजेसम्म | २०८२/१२/२६ समय:- १३:०० बजे | सानिमा बैंक लि., गढी शाखा, उदयपुरगढी राजश्व खाता नं. 124010040000001 |
| २ | URM/SQ/ Works/ 05-2082/83 | Konjosom Gumba Baki Kaam Sampanna Ward No.3 | १७१४४५३.८०/- | ३७०००/- | १०००/- | २०८२/१२/२६ समय:- १२:०० बजेसम्म | २०८२/१२/२६ समय:- १३:०० बजे | धरौटी खाता नं. 124010040000015 कार्यालय कोड नं. 801011105 |

**नोट**:- थप जानकारीको लागि सम्पर्क नं. 9845230827, 9852838080, 9840032682, अथवा PPMO को Website मा हेर्न सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत




फिलिपिन्सको मनिलास्थित अमेरिकी दूतावास अगाडि मध्यपूर्व युद्ध अन्त्यको आह्वान गर्दै सोमबार नाराबाजी गरिरहेका प्रदर्शनकारी ।
*तस्बिरः सिन्हवा*

# मध्यपूर्व द्वन्द्वको प्रभावमा बालबालिका: युनिसेफ

**न्युयोर्क–** मध्यपूर्वमा बढ्दो द्वन्द्व चौथो हप्तामा लम्बिरहँदा लेबनानमा ११८ र कुवेतमा २०० भन्दा बढी बालबालिकाको मृत्यु भएको जनाइएको छ । रिपोर्ट गरिएका तथ्यांकहरूमा हिंसा जारी रहँदा प्रभावितको संख्या बढ्ने आशंका गरिएको छ ।

युद्ध सुरु भएदेखि हरेक दिन औसत लगभग ८७ जना बालबालिका मारिएका वा घाइते भएको युनिसेफका उपकार्यकारी निर्देशक टेड चाइबानको टिप्पणी गरेका छन् । उनले तत्काल शत्रुता अन्त्य, नागरिक पूर्वाधारको सुरक्षा र निर्वाध मानवीय पहुँच सुनिश्चित गर्न आह्वान गरेका छन् ।

युनेस्कोले हिंसा जारी रहेमा मध्यपूर्वमा गहिरो संकट उत्पन्न हुने चेतावनी दिएको छ । निर्दोष बच्चाहरूको मृत्युले जनताको विश्वास कमजोर भई वैज्ञानिक क्षमतामा स्थायी क्षति पुग्ने जनाएको छ ।



विनाशकारी युद्धको लगभग एक महिना बितिसक्दा तेल, इन्धन र ग्यासको मूल्यवृद्धिमा विश्व अर्थतन्त्रलाई हल्लाउदै दूरगामी प्रभाव बढाएको संयुक्त राष्ट्रसंघले जनाएको छ । मध्यपूर्वमा हवाई क्षेत्र, यातायात, ढुवानी मार्ग र प्रमुख मानवीय सीमाहरूमा अवरोध र बन्दले आधारभूत सामान र औषधिहरूको उपलब्धता र मूल्यसहित मानवीय सञ्चालन र व्यावसायिक आपूर्ति शृंखलालाई असर गरिरहेको जनाइएको छ । हर्मुजको जलक्षेत्रमा व्यापारिक जहाजहरूमा भएका आक्रमणले आधारभूत आपूर्तिको वितरणलाई खतरामा पारी खाद्यान्नको मूल्यवृद्धि र जोखिम उच्च पारेको जनाइएको छ ।

खाद्यसुरक्षालाई खतरामा पार्दै बजार प्रभावित भएकाले एसिया र अफ्रिकी महादेशका विकासोन्मुख देशहरूलाई सबैभन्दा बढी असर पर्ने सम्भावना रहेको उल्लेख गरिएको छ ।

द्वन्द्वको कुनै सैन्य समाधान नभएको कुरामा जोड दिँदै संकट अन्त्य गर्ने कूटनीतिक उपायको माध्यामबाट शान्तिपूर्ण समाधान र संयुक्त राष्ट्र सुरक्षा परिषद्का प्रस्तावहरूको कार्यान्वयन भएको उल्लेख गरिएको छ । *रासस/क्युएनए*

# कोलम्बियामा सैन्य विमान दुर्घटना, ६६ सैनिकको मृत्यु

**बोगोटा–** कोलम्बियाको दुर्गम अमेजन क्षेत्र पोर्टो लेगुइजामो नजिकै भएको सैन्य यातायात विमान दुर्घटनाले देशलाई गहिरो शोकमा डुबाएको छ । १२८ जना सवार रहेको विमान उडेको केही समयमै दुर्घटनाग्रस्त हुँदा कम्तीमा ६६ जनाको मृत्यु भएको पुष्टि गरिएको छ भने दर्जनौं घाइते भएका छन् ।



कोलम्बियाका सशस्त्र बल प्रमुख ह्युगो अलेजान्द्रो लोपेज ब्यारेटोले दुर्घटनामा ६६ जना सैनिकको ज्यान गएको जानकारी दिए । उनका अनुसार यो समाचार तयार पार्दासम्म चार जना सैनिक बेपत्ता रहेका छन् । 'यो अत्यन्त दुःखद घटना हो, जसले हाम्रो सेनामा ठूलो क्षति पुऱ्याएको छ,' उनले भने ।

उनले प्रारम्भिक अनुसन्धानका आधारमा यो घटना कुनै अवैध सशस्त्र समूहको आक्रमणका कारण भएको देखिँदैन भन्दै त्यस्तो कुनै संकेत हालसम्म नदेखिएको स्पष्ट पारे ।

दुर्घटनास्थल पोर्टो लेगुइजामो, पुतुमायो प्रान्तमा पर्छ । यो इक्वेडर र पेरुको सीमासँग जोडिएको दुर्गम अमेजन क्षेत्र हो । स्थानीय उपमेयर कार्लोस क्लारोसले मृतकहरूको शव सानो सहरको शवगृहमा राखिएको र सीमित स्वास्थ्य पूर्वाधारका कारण घाइतेहरूलाई प्राथमिक उपचारपछि ठूला सहरतर्फ पठाइएको बताए । उनले स्थानीय बासिन्दाहरूले उद्धारमा सक्रिय सहयोग गरेको भन्दै आभार व्यक्त गरे ।

कोलम्बियाका रक्षामन्त्री पेद्रो साञ्चेजले दुर्घटनाग्रस्त विमानले पुतुमायोको अर्को क्षेत्रमा सेना लैजाँदै गरेको जानकारी दिएका थिए । विमानमा ११५ जना सैनिक, ११ जना चालक दलका सदस्य र दुई जना राष्ट्रिय प्रहरी सवार थिए । दुर्घटनापछि ५७ जनालाई जीवितै उद्धार गरिएको बताइएको छ । दुर्घटनापछि सार्वजनिक भएका तस्बिर र भिडियोहरूमा दुर्घटनास्थलबाट बाक्लो कालो धुवाँ उठिरहेको देखिन्थ्यो भने सैनिकहरू र स्थानीय बासिन्दाहरू उद्धार तथा आगो निभाउने प्रयासमा जुटेको दृश्य देखिन्थ्यो । केही घाइतेहरूलाई मोटरसाइकलमार्फत हतारमा सुरक्षित स्थानतर्फ सारिएको थियो ।

कोलम्बियाको वायु सेनाका कमाण्डर कार्लोस फर्नाण्डो सिल्भाले दुर्घटनाको कारणबारे अझै स्पष्ट हुन नसकेको बताए । उनका अनुसार विमानमा प्राविधिक समस्या आएको र विमानस्थलबाट करिब दुई किलोमिटर टाढा खसेको हो । घाइतेहरूको उद्धारका लागि विशेष विमानमार्फत राजधानी बोगोटालगायतका अस्पतालहरूमा सारिएको छ ।

दुर्घटनालाई लिएर राष्ट्रपति गुस्ताभो पेट्रोले सैन्य उपकरणको आधुनिकीकरण आवश्यक रहेको पुनः जोड दिए । उनले प्रशासनिक कमजोरी र ढिलासुस्तीका कारण सुधारका प्रयासहरू अवरुद्ध भएको उल्लेख गर्दै जिम्मेवार अधिकारीलाई जवाफदेही बनाउनुपर्ने संकेत गरे ।

यद्यपि विपक्षीहरूले भने बजेट कटौतीका कारण सैन्य उडान समय घट्दा अनुभवहीन चालक दलका सदस्यहरू बढेको र त्यसले जोखिम बढाएको तर्क गरेका छन् । उड्डयन तथा सैन्य विश्लेषक एरिक सौमेथका अनुसार दुर्घटनाग्रस्त 'हकुलुलस सी-१३०' विमान सन् २०२० मा अमेरिकाले कोलम्बियालाई उपलब्ध गराएको थियो र त्यसपछि यसको विस्तृत मर्मतसम्भार पनि गरिएको थियो । उनले विमानमा प्रयोग गरिएका उपकरण वा पार्टस्को कमीका कारण दुर्घटना भएको सम्भावना कम रहेको बताउँदै इन्जिन किन उडानपछि छिट्टै असफल भयो भन्नेबारे अनुसन्धानले स्पष्ट पार्नुपर्ने उल्लेख गरे । *रासस/एपी*

# इयू-अस्ट्रेलिया व्यापार सहमति

**मेलबर्न–** विश्वव्यापी आर्थिक अनिश्चितता र बढ्दो संरक्षणवादबीच युरोपेली संघ (इयू) र अस्ट्रेलियाले बहुप्रतीक्षित स्वतन्त्र व्यापार सम्झौतामा अन्ततः सहमति जनाएका छन् । दुई वर्षअघि वार्ता टुटेको अवस्थाबाट फर्किंदै दुवै पक्षले व्यापार विस्तारसँगै नयाँ रक्षा साझेदारी घोषणा गरेका छन्, जसलाई बदलिँदो विश्व व्यवस्थामा रणनीतिक कदमका रूपमा हेरिएको छ ।



युरोपेली आयोगकी अध्यक्ष उर्सुला भोन डेर लेयन र अस्ट्रेलियाका प्रधानमन्त्री एन्थोनी अल्बानिजले सन् २०१८ देखि जारी लामो वार्तापछि अस्ट्रेलियाको संसद् भवनमा सम्झौतामा हस्ताक्षर गरेका हुन् । यसअघि अस्ट्रेलियाको रातो मासु बजार पहुँच र उत्पादनसम्बन्धी विवादका कारण सन् २०२३ मा वार्ता अवरुद्ध भएको थियो ।

दुवै नेताले नियममा आधारित खुला व्यापार प्रणालीलाई सुदृढ बनाउने उद्देश्यले यो सम्झौता गरिएको बताएका छन् । भोन डेर लेयनले विश्वमा ठूला शक्तिहरूले करलाई दबाबका रूपमा प्रयोग गरिरहेको सन्दर्भमा यस्तो सहकार्य महत्त्वपूर्ण रहेको उल्लेख गरे । उनका अनुसार खुला व्यापारले केवल आर्थिकमात्र नभई विश्वासमा आधारित सम्बन्ध पनि मजबुत बनाउँछ ।

अल्बानिजले पनि दुवै पक्ष स्वतन्त्र र निष्पक्ष व्यापारप्रति प्रतिबद्ध रहेको बताउँदै यसले सहभागी अर्थतन्त्रहरूलाई समृद्ध बनाउने धारणा व्यक्त गरे । उनका अनुसार बदलिँदो विश्व सन्दर्भ र आपूर्ति शृंखलामा देखिएको जोखिमले वार्तालाई पुनः अघि बढाउन प्रेरित गरेको हो ।

यस सम्झौतासँगै दुवै पक्षले नयाँ रक्षा साझेदारी पनि घोषणा गरेका छन् । उक्त साझेदारीले सैन्य सहयोग, समुद्री सुरक्षा, साइबर सुरक्षा, रक्षा उद्योग र आतंकवादविरुद्धको सहकार्यलाई थप विस्तार गर्ने छ । साथै, अस्ट्रेलियाले अनुसन्धान तथा नवप्रवर्तन कार्यक्रम 'होराइजन युरोप' मा सहभागी हुने प्रक्रिया अघि बढाउने सहमति भएको छ ।

अल्बानिजले यस सहकार्यले विश्वव्यापी चुनौतीहरू सामना गर्न साझा ढाँचा प्रदान गर्ने बताउँदै युक्रेनमाथि रुसको आक्रमणविरुद्ध समर्थनजस्ता विषयमा पनि साझा प्रतिबद्धता दोहोऱ्याइएको जानकारी दिए । व्यापार सम्झौताअनुसार अस्ट्रेलियाका वाइन, समुद्री खाना र बागवानी उत्पादनहरूमा लाग्ने शुल्क हटाइने छ । साथै इयूले अस्ट्रेलियाली रातो मासुका लागि ३० हजार ६०० मेट्रिक टनको कोटा उपलब्ध गराउने छ । यसको ५५ प्रतिशत हिस्सा शुल्कमुक्त हुने छ ।

तर केही प्रावधान विवादास्पद पनि रहेका छन् । उत्तरी इटालीसँग सम्बन्धित 'प्रोसेको' नाम प्रयोग गर्ने अस्ट्रेलियाली उत्पादकहरूलाई सम्झौता लागू भएको १० वर्षपछि उक्त नाम प्रयोग गर्न नपाइने व्यवस्था गरिएको छ । यो सम्झौता लागू हुने मिति भने अझै घोषणा गरिएको छैन । पूर्णपाठ सार्वजनिक नभइसकेकाले यसको दीर्घकालीन प्रभावबारे विश्लेषण गर्न समय लाग्ने विज्ञहरूले बताएका छन् ।

अस्ट्रेलियन नेसनल युनिभर्सिटीका अर्थशास्त्री हेजल मोइरका अनुसार अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पद्वारा लागू गरिएका विश्वव्यापी कर नीतिहरूले युरोप र अस्ट्रेलियालाई नजिक ल्याउने काम गरेको हो । उनले यस्तो दबाबले दुवै पक्षलाई वैकल्पिक आर्थिक सहकार्य खोज्न बाध्य बनाएको बताए । *रासस/एपी*

# किमको कडा आणविक अडान

**सियोल–** उत्तर कोरियाले आफ्नो आणविक कार्यक्रम कुनै हालतमा नछोड्ने स्पष्ट सन्देश दिएको छ । देशका नेता किम जोङ उनले आणविक शक्तियुक्त राष्ट्रका रूपमा आफ्नो स्थिति 'अपरिवर्तनीय' रहेको घोषणा गर्दै दक्षिण कोरिया र संयुक्त राज्य अमेरिकालाई कडा चेतावनी दिएका छन् ।

सर्वोच्च जनसभामा नीतिगत सम्बोधन गर्दै किमले शत्रु शक्तिविरुद्धको संघर्षलाई अझ आक्रामक बनाउने बताए । उनले संविधानले दिएको जिम्मेवारीअनुसार आत्मरक्षात्मक आणविक प्रतिरोधलाई अझ विस्तार र सुदृढ बनाइने स्पष्ट पारे । उनका अनुसार उत्तर कोरिया अब आणविक शक्ति त्याग्ने दिशामा कहिल्यै जाने छैन ।

किमले अमेरिकाले इरानमाथि गरेको सैन्य कारबाहीलाई 'राज्य आतंकवाद'को उदाहरणका रूपमा उल्लेख गर्दै विश्वव्यापीरूपमा शक्ति प्रदर्शन गर्ने प्रवृत्तिको आलोचना गरे । संयुक्त राज्य अमेरिका र इजरायलले भने इरानमाथिको आक्रमण आणविक हतियार विकास रोक्नका लागि भएको दाबी गर्दै आएका छन्, तर तेहरानले त्यस्तो आरोप अस्वीकार गर्दै आएको छ ।

वर्षौंको अन्तर्राष्ट्रिय प्रतिबन्ध र कूटनीतिक अलगावका बाबजुद उत्तर कोरियासँग दर्जनौं आणविक हतियार र थप उत्पादन गर्न सक्ने सामग्री रहेको अनुमान गरिएको छ । यसले ठोस इन्धनयुक्त अन्तरमहाद्वीपीय ब्यालेस्टिक क्षेप्यास्त्रसहित उन्नत प्रक्षेपण प्रणाली विकास गरेको छ, जसले कम समयमै प्रहार गर्न सक्ने क्षमता राख्दछ । उत्तर कोरियाले हालसम्म छ वटा परमाणु परीक्षण गरिसकेको छ ।

हालै राज्य मामिला आयोगको प्रमुखका रूपमा पुनः नियुक्त भएपछि किमले दक्षिण कोरियाप्रति पनि कडा धारणा प्रस्तुत गरेका छन् । उनले दक्षिण कोरियालाई 'सबैभन्दा शत्रु राष्ट्र' घोषणा गर्दै पूर्णरूपमा अस्वीकार र बेवास्ता गरिने बताए । दक्षिण कोरियाका राष्ट्रपति ली जे म्युङले विनापूर्वसर्त वार्ताको प्रस्ताव बारम्बार गरे पनि प्योङयाङले त्यसलाई बेवास्ता गरेको छ ।

किमले आफ्नो देशविरुद्ध हुने कुनै पनि कदमको 'निर्दयी' जवाफ दिइने चेतावनी दिँदै कुनै हिचकिचाहट नराखिने उल्लेख गरे । उनका अभिव्यक्तिले कोरियाली प्रायद्वीपमा सुरक्षा चुनौती थप गहिरिने संकेत गरेको छ ।

कोरिया इन्स्टिच्युट फर नेसनल युनिफिकेसनका विश्लेषक होङ मिनका अनुसार किमको पछिल्लो अभिव्यक्ति हालैका अमेरिकी सैन्य गतिविधिप्रति गहिरो चिन्ता झल्काउने संकेत हो । उनले इरान र भेनेजुएलासँग सम्बन्धित घटनाहरूले उत्तर कोरियालाई आफ्नो आणविक कार्यक्रम अझ अघि बढाउन प्रेरित गरेको विश्लेषण गरे ।

यसैबीच, वासिङ्टनले पछिल्ला महिनाहरूमा प्योङयाङसँग उच्चस्तरीय वार्ता पुनः सुरु गर्ने प्रयास गर्दै आएको छ । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र किमबीच विशेषगरी बेइजिङ भ्रमणका सन्दर्भमा सम्भावित भेटवार्ताको चर्चा पनि चलिरहेको छ ।

किमले अमेरिकामाथि क्षेत्रीय सुरक्षालाई कमजोर बनाउने आरोप लगाउँदै आफ्नो देश वरपर आणविक रणनीतिक साधनहरूको तैनाथी बढाइएको बताए । उनले विश्वभर अमेरिकाले 'आक्रामकता र हस्तक्षेप' गरिरहेको आरोप पनि लगाए ।

राज्य सञ्चारमाध्यमले सार्वजनिक गरेका तस्बिरहरूमा किमलाई औपचारिक पोसाकमा संसद्मा उपस्थित सांसदहरूको अभिवादन स्वीकार गर्दै गरेको देखाइएको छ । किम सन् १९४८ मा स्थापना भएको उत्तर कोरियाली शासनका तेस्रो पुस्ताका नेता हुन् र सन् २०११ देखि सत्तामा छन् । आर्थिक पक्षमा किमले औद्योगिक उत्पादन १.५ गुणाले वृद्धि गर्ने लक्ष्य लिएको बताएका छन् । उनका अनुसार पछिल्ला पाँच वर्षमा अर्थतन्त्रमा उल्लेखनीय प्रगति भएको छ र विभिन्न कठिनाइ पार गर्दै प्रमुख उद्योगहरूको पुनर्संरचना गरिएको छ । *रासस/एएफपी*


**Phalgunanda Rural Municipality**
**Office of Rural Municipal Executive**
**Phaktep, Panchthar**
**Koshi Province, Nepal**

**Invitation for Electronic Bids**

**Date of publication: 2082-12-11**

1.The Phalgunanda Rural Municipality office invites only electronic bids from eligible bidder's for the procurement of following project under national competitive bidding procedures specified in public procurement Act and Regulation.

| Contract Identification No | Description of Works | Bid security Amount (Nrs.) | Estimated amount (Nrs.) including VAT and Excluding contingency | Bid document fee.(Nrs.) | Bank Detailed |
|---|---|---|---|---|---|
| PRMW/ NCB/07/ 2082/83 | Construction of Administration office water supply project works. | 1,55,000.00 | 61,51,480.60 | 3000.00 | GA- 1.1 06901400250108 (For the fee of Bid Document) GA- 3.1 06901400250023 (Dharauti Account for Bid Security Amount) |

2.Interested bidders should be submit online bids electronically only through PPMO e-GP Portal www.bolpatra.gov.np on or before the submission deadline started in respective bid document.

**Chief Administrative officer**

काठमाडौं जि.प्र.का.द.नं.४८०-०७०/७१, म.क्ष.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – २७३९०० | प्रति तोला – ० | प्रति तोला – ४५०५ |

## समपूरक र विशेष अनुदान लिन ३५ सय आयोजना प्रस्ताव

■ प्रभाव संवाददाता




**काठमाडौं–** आगामी आर्थिक वर्ष २०८३/८४ का लागि संघीय सरकारबाट समपूरक र विशेष अनुदान लिन प्रदेश र स्थानीय तहबाट करिब तीन हजार ५०० आयोजनाको प्रस्ताव परेको छ।

राष्ट्रिय योजना आयोगका अनुसार स्थानीय तहबाट तीन हजार ३५८ र प्रदेशबाट १४० आयोजना तथा कार्यक्रमको प्रस्ताव परेको हो। आयोगले आगामी आवका लागि संघीय समपूरक र विशेष अनुदानअन्तर्गत कार्यान्वयन हुने योजना तथा कार्यक्रमका लागि गत माघ मसान्तभित्र प्रस्ताव पेस गरिसक्न भनेको थियो।

आयोगका सहायक प्रवक्ता डा. दिवाकर लुइँटेलका अनुसार हाल आयोगमा प्राप्त योजना तथा कार्यक्रमको लागत अनुमान तथा विश्लेषण र छनोट भइरहेको छ। 'समपूरक र विशेषअनुदानका लागि प्राप्त बजेट सिलिङ र प्राप्त योजना तथा कार्यक्रमको आवश्यकता, कार्यान्वयन पूर्वतयारी, आवश्यक कागजातलगायतका विवरण अध्ययन भइरहेका छन्', उनले भने।

आयोगका अनुसार आगामी आर्थिक वर्षका लागि यी शीर्षकको अनुदान लिन दुई हजार ८२० नयाँ र ६७८ वटा क्रमागत योजना तथा कार्यक्रमको प्रस्ताव परेको छ। नयाँ योजना तथा कार्यक्रमतर्फ विशेष अनुदान लिन एक हजार ४६४ र समपूरक अनुदान लिन एक हजार ३५६ वटा प्रस्ताव परेका छन्।

त्यसैगरी क्रमागत आयोजना तथा कार्यक्रमका लागि विशेषतर्फ २२० र समपूरकतर्फ ४५८ आयोजनाको प्रस्ताव परेको आयोगले जनाएको छ।

योजना आयोगले प्रदेश र स्थानीय तहसँग यी शीर्षकमा अनुदान लिनका लागि योजना तथा कार्यक्रम माग गर्दा समपूरक अनुदानसम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८२ र विशेष अनुदानसम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८२ को प्रावधानभित्र रही प्रस्ताव पेस गर्न भनेको थियो। जसअनुसार प्रदेश र स्थानीय तहले अन्य स्रोतबाट कार्यान्वयन गर्ने आयोजना वा कार्यक्रम र सञ्चालनमा रहेका आयोजना तथा कार्यक्रमसँग दोहोरो नपर्ने गरी प्रस्ताव पेस गर्न भनिएको थियो।

प्रदेशको हकमा सम्बन्धित प्रदेश नीति तथा योजना आयोगले तयार पारेको प्राथमिकीकरणसहितको सिफारिस तथा प्रदेश सरकारको सिफारिस र स्थानीय तहको हकमा कार्यपालिकाबाट सिफारिस पनि अनिवार्य गरिएको छ। समपूरक र विशेष अनुदानका लागि आयोगको विद्युतीय सूचना व्यवस्थापन प्रणालीमार्फत प्राप्त प्रस्तावलाई मात्र हेरिने आयोगले जनाएको छ।

कार्यविधिअनुसार यी शीर्षकमा अनुदान लिन आयोजनाको सम्भाव्यता अध्ययन, 'ड्रइङ', 'डिजाइन', 'स्पेसफिकेसन'सहितको विस्तृत विवरणको लागत अनुमान पेस गर्नुपर्ने हुन्छ। वातावरणीय अध्ययन प्रतिवेदनलगायतका कागजात आवश्यक हुन्छ। अनुदान माग गर्न स्थानीय तहको हकमा सम्बन्धित कार्यपालिकाको निर्णय र प्रदेशको हकमा सम्बन्धित प्रदेश योजना आयोगको सिफारिसमा प्रदेश सरकारको मन्त्रिपरिषद्ले निर्णय गरेको हुनुपर्ने व्यवस्था कार्यविधिमा छ।

## ग्यास पाइपलाइन र भण्डारण पूर्वाधार निर्माणको प्रस्ताव प्रस्तुत

■ प्रभाव संवाददाता

**काठमाडौं–** इरानमाथि अमेरिका र इजरायलले संयुक्त रूपमा हवाई कारबाही गरेपछि राजधानी उपत्यकामा एक्कासी खाना पकाउने ग्यासको अभाव भयो।

देशमा पेट्रोलियमा पदार्थको आयात, ढुवानी, भण्डारण र वितरण गर्ने निकाय नेपाल आयल निगमले समस्या समाधानको प्रयासस्वरूप आधा सिलिन्डर ग्यास बजारमा पठाउन उद्योगीलाई निर्देशन दियो तर सहजै ग्यास नपाएको उपभोक्ताको गुनासो छ।

निगमले खाना पकाउने एलपी ग्यासको आयात निरन्तर भइरहेकाले अनावश्यक सञ्चिति नगर्न आमउपभोक्तामा आग्रह गर्दै आइरहेको छ। नेपालमा मासिक रूपमा ४६ हजार मेट्रिक ग्यास खपत हुँदै आएको छ। हरेक महिना सोही परिमाणमा आयात पनि भइरहेको छ।

पश्चिम एयसियामा जारी-जारी द्वन्द्वका कारण पेट्रोलियम पदार्थको मूल्य र आपूर्तिमा विश्वव्यापी रूपमा असर परिरहेको छ। यद्यपि, निगमले पेट्रोलियम पदार्थको आपूर्ति साबिककै परिणाममा गरिरहेको बताएको छ।

देशमा इन्धनको पर्याप्त भण्डारण नहुँदा बेलाबखत अभाव हुने गरेको निगमका अधिकारी स्वीकार गर्छन्। सरकारले तीन महिनाको माग धान्न सक्नेगरी पेट्रोलियम पूर्वाधार निर्माण गर्ने घोषणा गरेको छ।

**पश्चिम एयसियामा जारी-जारी द्वन्द्वका कारण पेट्रोलियम पदार्थको मूल्य र आपूर्तिमा विश्वव्यापी रूपमा असर परिरहेको छ। यद्यपि, निगमले पेट्रोलियम पदार्थको आपूर्ति साबिककै परिणाममा गरिरहेको बताएको छ।**

डिजेल, पेट्रोल र मट्टितेलको भण्डारण क्षमता वृद्धि गरिए पनि हालसम्म खाना पकाउने ग्यासको भण्डारण व्यवस्था भएको छैन।

निगमका कार्यकारी निर्देशक चण्डिका भट्ट बजारमा ग्यासको अभाव हुन नदिन भण्डारण पूर्वाधारमा लगानी गर्नुपर्ने आवश्यकता औँल्याउँछन्। 'अहिलेसम्मको अवस्थाले नेपाललाई एलपी ग्यास पाइपलाइन र कम्तीमा ३० दिनका लागि पुग्ने भण्डारण पूर्वाधार निर्माण गर्नु अत्यावश्यक छ', उनले भने।

ग्यास ढुवानीमा वार्षिक रु छ अर्बभन्दा बढी खर्च हुँदै आएको छ। नेपालसँग आफ्नै ग्यास बुलेट नहुँदा ढुवानी लागत अधिक छ। 'ग्यास पाइपलाइन र भण्डारण पूर्वाधार निर्माण भएमा अर्बौं बचत हुन्छ', कार्यकारी निर्देशक भट्टले भने, 'यसबाट आपूर्ति प्रणाली सुधार भई आमउपभोक्ताले सहजै ग्यास पाउने अवस्था बन्छ।'

तीन महिनाको पेट्रोलियम पदार्थ माग धान्ने पूर्वाधार निर्माण गर्ने राष्ट्रिय नीति भए पनि अझै त्यसले पूर्णता पाउन सकेको छैन। उपभोक्ता अधिकारकर्मी माधव तिमिल्सिना पेट्रोलियम भण्डारण नीतिको अस्पष्टता र अव्यवस्थित वितरण प्रणालीका कारण सहजै ग्यास उपलब्ध नभएको तर्क गर्छन्। पेट्रोलियम पदार्थमा परनिर्भर हामीले अधिकभन्दा अधिक विद्युत् उपभोगमा उनको जोड छ।

भारतको मोतिहारीदेखि सर्लाहीसम्म ग्यास पाइपलाइन र भण्डारण गृह निर्माणका लागि नेपालले भारतसँग प्रस्ताव गरेको छ। 'हामीले एक वर्षअघि नै इन्डियन आयल कर्पोरेसनमार्फत त्यहाँको पेट्रोलियम मन्त्रालयमा ग्यास पाइपलाइन र भण्डारण पूर्वाधार निर्माणको प्रस्ताव गरिसकेका छौँ, जवाफ प्राप्त भएको छैन', कार्यकारी निर्देशक भट्टले भने।

उनले 'अब के हुने हो' भनेर उपभोक्ताले सञ्चिति गरेका कारण ग्यासमा केही 'प्रेसर' देखिएको बताए। उनले भने, 'ग्यास बुलेट लोड गर्न जाने क्रममा कहिलेकाहीँ चाप हुँदा भर्न नभ्याएको मात्रै हो, ग्यास आयतमा केही समस्या छैन।' ग्यासको वितरण प्रक्रिया सहज हुँदै गएको ठहर गर्दै निगम एक सातापछि पूर्ण सिलिन्डर बजार पठाउने योजनामा जुटेको छ।

### कर्पोरेट

## ग्लोबल आइएमई र तिलगंगा आँखा प्रतिष्ठानबीच सहकार्य




**काठमाडौं (प्रस)–** ग्लोबल आइएमई बैंक लिमिटेड र तिलगंगा आँखा प्रतिष्ठानबिच आर्थिक रूपमा कमजोर, जेष्ठ नागरिक तथा विपन्न वर्गका नागरिकहरूमा मोतिबिन्दुको पहिचान गरी निःशुल्क शल्यक्रिया गर्ने सम्बन्धी समझदारी पत्रमा हस्ताक्षर सम्पन्न भएको छ। बैंकको कर्पोरेट कार्यालय कमलादीमा मंगलबार आयोजित एक समारोहमा बैंकका अध्यक्ष तथा नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकाल र तिलगंगा आँखा प्रतिष्ठानका संस्थापक तथा कार्यकारी निर्देशक प्रा. डा. सन्दुक रुइटको उपस्थितिमा उक्त समझदारी पत्रमा हस्ताक्षर भएको हो।

समझदारी पत्रमा बैंकका प्रमुख कार्यकारी अधिकृत सुरेन्द्रराज रेग्मी र प्रतिष्ठानका प्रमुख कार्यकारी अधिकृत डा. रिता गुरुङले हस्ताक्षर गरेका छन्। समझदारी अनुसार, तिलगंगा आँखा प्रतिष्ठानले ग्लोबल आइएमई बैंकको वित्तीय सहयोगमा सातै प्रदेशका सात स्थानमा आर्थिक रूपमा कमजोर, जेष्ठ नागरिक तथा विपन्न वर्गका नागरिकहरूको निःशुल्क रूपमा मोतिबिन्दुको पहिचान गरी शल्यक्रिया गर्ने छ।

साथै, विद्यालयमा अध्ययनरत आर्थिक रूपमा कमजोर तथा विपन्न छात्रा/छात्रहरूको आँखा परिक्षण गरी आवश्यकता अनुसार निःशुल्क रूपमा चस्मा वितरण गरिने समेत समझदारी भएको छ। हस्ताक्षर समारोहमा सम्बोधन गर्दै अध्यक्ष ढकालले ग्लोबल आइएमई बैंकले आफ्नो स्थापनाकालदेखि नै नाफाको एक हिस्सा समाजलाई फिर्ता गर्ने परम्परालाई निरन्तरता दिँदै आएको बताएका छन्। त्यसैगरी, तिलगंगा आँखा प्रतिष्ठानका संस्थापक तथा कार्यकारी निर्देशक प्रा. डा. रुइटले नेपाली बैंकसँगको सहकार्यमा अवसर र चुनौति दुवै रहेको बताउँदै ग्लोबल आइएमई बैंकसँगको सहकार्यलाई दिगो हुने गरी काम गर्ने बताए। उनले आफूहरूले कुनै पनि कार्यक्रममा पारदर्शिता र चुस्त व्यवस्थापनमा जोड दिने गरेको पनि उल्लेख गरे।

## सिटिजन्स बैंकद्वारा ग्लोबल मनि विक सम्पन्न



**काठमाडौं (प्रस)–** सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले ग्लोबल मनि विक सम्पन्न गरेको छ। बैंकले ७ बाटै प्रदेशमा रहेका अफ्ना १०८ शाखा कार्यालयहरू बाट विभिन्न वित्तीय साक्षरता कार्यक्रम संचालन गरेर स्मार्ट मनी टक्स २०२६ भन्ने मूल नाराका साथ गत चैत्र २ देखी ८ गते सम्म संचालन भएको ग्लोबल मनि विक हजारौं सर्वसाधारण लक्षित वर्गलाई वित्तीय ज्ञान प्रदान गरेर सम्पन्न गरेको हो।

ग्लोबल मनि विक अन्तर्गत बैंकले कोशी प्रदेशको बनिगामा, बिर्तामोड, दिक्तेल, इटहरी, गाईघाट, इनरुवा, लौकाही, दुहबी, हरिनगर, दमक, पथरी, हल्दिबारी, कञ्चनबारी २, डाँगीहाट र विराटनगर, मधेश प्रदेशको कञ्चनरूप, लोहरपट्टी, पथलैया, बर्दिबास, फतेपुर, वीरगञ्ज, महेन्द्रनगर (धनुषा), पाटो, औरही, गौशाला, धनुषाधाम, गरुडा, कल्याणपुर, लाहान, निजगढ, रामगोपालपुर, बोदेबरसाइन, र राजविराज, बाग्मती प्रदेशको चरिकोट, कुलेश्वर, कलंकी, ग्वार्को, बनेपा, नारायणघाट, सिनामंगल, मंगलपुर , धार्के, हेटौडा, नयाँ बानेश्वर, सिन्धुली, देविघाट, पानीपोखरी, भैंसेपाटी, धुम्बाराही, ठसिखेल, हरिहरपुरगढी, इमाडोल, ज्यामिरे, काडाघारी, कुपण्डोल, कोटेश्वर, मनहरी, डिल्लीबजार, टोखा र थापाथली, गण्डकी प्रदेशको भोटेओडार, चामे, कावासोती, धारापानी, कोल्हुवा, बिरौटा,पोखरा, बागलुङ, अमरापुरी, अरुणखोला र दमौली, लुम्बिनी प्रदेशको जिमिरेभर, रामापुर, ओडारी, बढैयाताल, बेलाटारी, भालुही, महेशपुर, परासी, सिद्धार्थनगर, कोहलपुर, शीतलनगर, घोराही, गुलरिया, भुताहा, इमिलिया, झिमरुख, लमही, मुरगिया, तौलिहवा, तुलसीपुर, सिमलचौर, बंगलाचुली, सुनवल, रानीबगिया, भुमही र जितपुर, कर्णाली प्रदेशको जुफाल, सिमीकोट, दुल्लु, जुम्ला, डोल्पा, गमगढी, सुर्खेत र नाम्खामा तथा सुदूरपश्चिम प्रदेशको अत्तरिया, ढकारी र बझाङमा विभिन्न वित्तिय साक्षरताका कार्यक्रमको आयोजना गरी वित्तीय ज्ञान प्रदान गर्ने कार्य गरेको छ।

यस कार्यक्रममा उपस्थित युवा तथा विद्यार्थीवर्गमा वित्तीय साक्षरताको आवश्यकता र महत्वको बारेमा विस्तृत प्रकाश पारिएको छ। यस सँगै वित्तीय साक्षरताको अवस्था र विद्युतीय बैंकिङ्गको विकाससँगै बढेको अपराध र जोखिमको बारेमा समेत जानकारी गराईएको थियो। नगद कारोबार, लेनदेन तथा विप्रेषण जस्ता वित्तीय कारोबार गर्ने क्रममा बैंकिङ्ग प्रणालीकै प्रयोग गर्न समेत उक्त कार्यक्रमबाट आग्रह गरिएको छ। यसबाट बैंकिङ्ग प्रणाली मजवुत हुने साथसाथै युवा र विद्यार्थीमा वित्तीय ज्ञानको विकास हुने विश्वास बैंकले लिएको छ।

## लुम्बिनी विकास बैंकद्वारा वित्तीय साक्षरता कार्यक्रम सम्पन्न




**काठमाडौं (प्रस) –** लुम्बिनी विकास बैंकको ग्लोबल मनि विक-२०२६ सम्पन्न भएको छ। बैंकले सातै प्रदेशमा रहेका आफ्ना शाखा कार्यलयहरू मार्फत विभिन्न बिद्यालयमा अध्ययनरत करिब एक हजार बिद्यार्थीहरूलाई वित्तीय साक्षरता अभिवृद्धि, वित्तीय ज्ञान, मनोवृत्ति विकास गराउने उद्देश्यका साथ युवा बिद्यार्थीहरूलाई बैंकले गर्ने कार्यहरू जस्तै बचत निक्षेप, कर्जा लगानी, विप्रेषण, डिजिटल बैंकिङ्ग लगायतका विषयहरू समेटि बिद्यालयहरूमा नै वित्तीय साक्षरता कक्षा सञ्चालन गरेको हो।

उक्त अवसरमा बैंकका शाखा कार्यालयहरूबाट वित्तीय जानकारी मुलक प्लेकार्डहरू प्रदर्शन गर्दै प्रभातफेरी कार्यक्रम समेत आयोजना गरेको थियो। 'स्मार्ट मनि टल्क्स्' भन्ने नाराका साथ यो वर्ष (२०२६) को ग्लोबल मनि विक १६ देखि २२ मार्चमा युवा बिद्यार्थीहरूलाई लक्षित गरि बैंकले पनि सो कार्यक्रमहरू सम्पन्न गरको थियो। यसबाट बैंकिङ्ग प्रणाली सुदिढ हुनुका साथै युवा विद्यार्थीहरूमा वित्तीय ज्ञानको विकास भएको विश्वास बैंकले लिएको जनाइएको छ।

देशका ७ वटै प्रदेशमा शाखा सञ्चालन गरि कारोबार गर्दै आइरहेको लुम्बिनी विकास बैंक लिमिटेडको बिभिन्न स्थानहरूमा गरी ८९ वटा शाखा कार्यालयहरू तथा एक विस्तारित शाखा (एक्सटेन्सन काउण्टर) बाट सेवा दिइरहेको छ।

## नेप्से परिसूचक २३ अंकले बढ्यो

**काठमाडौं (प्रस)–** यो साता कारोबारको लगातार तेस्रो दिन नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा वृद्धि भएको छ। मंगलबार नेप्से परिसूचक २३ दशमलव ८३ अंकले बढेर दुई हजार ९६० दशमलव ४० को बिन्दुमा पुगेको छ। ३४१ कम्पनीको तीन करोड ५८ लाख २२ हजार १९१ कित्ता शेयर एक लाख २६ हजार ९४७ पटक खरिद-बिक्री हुँदा रु १४ अर्ब ८३ करोड ९१ लाख ८३ हजार ६४३ बराबरको कारोबार भएको नेप्सेले जनाएको छ।

कारोबारमा बैंकिङ शून्य दशमलव ६७, विकास बैंक एक दशमलव ३८, वित्त शून्य दशमलव ५१, जलविद्युत् एक दशमलव ३२, लगानी शून्य दशमलव ११, उत्पादन तथा प्रशोधन शून्य दशमलव ८६, म्युचुअल फन्ड शून्य दशमलव २५ र व्यापार समूह नौ दशमलव १२ प्रतिशतले बढेको छ। अरू सबै समूहको उपसूचक घटेको छ। जलविद्युत् शून्य दशमलव १७, जीवन बीमा शून्य दशमलव ३७, लघुवित्त शून्य दशमलव ४६, निर्जीवन बीमा शून्य दशमलव ३८ र अन्य समूह शून्य दशमलव १६ प्रतिशतले घटेको छ।

सलपा विकास बैंक लिमिटेड र रिलायन्स स्पिनिङ मिल्स लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ। सबैभन्दा धेरै गुमाउनेमा भने फर्स्ट माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्य छ दशमलव ५६ प्रतिशतले घटेको छ। कारोबार रकमका आधारमा सबैभन्दा धेरै रादी विद्युत् कम्पनी लिमिटेडको रु ६७ करोड ४३ लाख ८४ हजार ३४१ बराबरको खरिद-बिक्री भएको छ। कारोबार भएका शेयर संख्याका आधारमा सबैभन्दा धेरै हाइड्रोइलेक्ट्रिसिटी इन्भेष्टमेन्ट एन्ड डेभलपमेन्ट कम्पनी लिमिटेडको प्रमोटर शेयर २० लाख २७ हजार ९९२ कित्ता किनबेच भएको नेप्सेले जनाएको छ।

विद्युतीय उपकरणको प्रयोगबाट बालबालिकामा पर्ने असर

विद्युतीय उपकरण (मोबाइल, ट्याब, ल्यापटप) आदिको अधिक प्रयोगले:

- बालबालिकाको आँखाको ज्योति कमजोर हुनसक्छ,
- दिमागमा असर पर्नसक्छ,
- समयमा नसुत्न सक्छन्,
- खानपान तथा दिसापिसाबमा ध्यान नदिन सक्छन्,
- एकान्तमा बस्न मन पराउन सक्छन्,
- झिज्याहट हुनसक्छ,
- साथीहरूसँग घुलमिल नहुन सक्छन्,
- एकै स्थानमा बसिरहँदा रक्तसञ्चारमा प्रतिकूल प्रभाव पर्न सक्छन्,
- बालबालिकामा अटिजम, शारिरीक तथा मानसिक अपांगतासमेत हुनसक्ने भएकोले

बालबालिकालाई विद्युतीय उपकरणको अधिक प्रयोगबाट बचाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्ण कार्की, सम्पादक: विष्णु तामाङ